# स्थानीय राजपत्र

**घ्याङलेख गाउँपालिका, गाउँ कार्यपालिकाद्वारा प्रकाशित**

खण्ड ३) घ्याङलेख, भाद्र ८ गते, २०७६ साल (अतिरिक्ताङ्क ७

## भाग २

## घ्याङलेख गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

### हायुटार, सिन्धुलीको

### सूचना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम घ्याङलेख गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको मापदण्ड सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**संवत् २०७६ साल मापदण्ड नं. १**

# सहकारी दर्ता,संचालन, लेखा परीक्षण,अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड, २०७६

**प्रस्तावना:** सहकारी संस्था प्रचलित सहकारी सम्बन्धी कानुन सहकारीको अन्तर्राष्ट्रिय मुल्य र सिद्धान्तहरुको अनुसरण गर्दै देशको आर्थिक विकासमा सरकार तथा निजी क्षेत्र सरहको भुमिका निर्वाह गर्न सक्षम बन्न सकुन भन्ने उद्देश्यले सहकारी ऐन, २०७५ को दफा १०१(१) बमोजिम सहकारी संस्थाले गर्ने वित्तीय कारोबारको नियमन कार्य प्रभावकारी बनाउन र सहकारी संस्थाहरुको दर्ता तथा संचालन सम्बन्धी कार्यलाई व्यवस्थित गर्न सहकारी ऐन,२०७५ को दफा १०१ को उपदफा १ ले दिएको अधिकार प्रयोग गरी प्रयोजनको लागि सहकारी संस्थाको लागि यो मापदण्ड जारी गरिएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक खण्ड

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यो मापदण्डको नाम "सहकारी दर्ता, संचालन, लेखा परीक्षण, अनुगमन तथा नियम सम्बन्धी मापदण्ड, २०७६" रहेको छ ।

(२) यो मापदण्ड राजपत्रमा प्रशाशित भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) "ऐन" भन्नाले सहकारी ऐन २०७५ लाई जनाउनेछ ।

(ख) " कार्यालय" भन्नाले घ्याङलेख गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई जनाउनेछ ।

(ग) "मापदण्ड" भन्नाले सहकारी दर्ता, संचालन, लेखा परीक्षण, अुनगमन तथा नियमन सम्बन्धि मापदण्ड, २०७६ लाई जनाउनेछ ।

(घ) "विनियम" भन्नाले सम्बन्धित सहकारी संस्थाको विनियमलाई जनाउनेछ ।

(ङ) "संस्था" भन्नाले प्रारम्भिक सहकारी संस्थालाइ जनाउनेछ ।

(च) "साधरणसभा" भन्नाले सहकारी संस्थाको नियमित वार्षिक साधारण सभालाई जनाउनेछ । शो शब्दले विशेष साधारण सभा समेतलाइ जनाउनेछ ।

(छ) "समिति " भन्नाले सहकारी संस्थाको संचालक समितिलाई जनाउनेछ ।

(ज) “सदस्य ” भन्नाले सहकारी संस्था विनियम बमोजिम शेयर खरीद गरी सदस्यता प्राप्त गरेको प्राकृतिक र कानूनी व्यक्तिलाई जनाउनेछ ।

(झ) “व्यावसायिक इकाइ” भन्नाले सहकारी संस्थाहरु एक आपसमा मिली कुनै सामुहिक उद्देश्यका लागि गठित प्रारम्भिक सहकारी संस्थाहरुको व्यावसायिक इकाईलाई जनाउनेछ ।

(ञ) “पुँजी कोष” भन्नाले सहकारी संस्था वा संघ वा बैंकको प्रथामिक पूँजी र पूरक पूँजीको योग सम्झनु पर्छ ।

(ट) “प्राथमिक पूँजी कोष” भन्नाले संस्था शेयर पुँजी र जगेडा कोष रकमको योगलाई जनाउनेछ ।

(ठ) “पुरक पूँजी कोष” भन्नाले संस्थाको अन्य कोष मध्ये सहकारी विकास कोष, घाटा पुर्ति कोष, डुवन्त ऋण कोष, कर्जा जोखिम कोष, स्थिरीकरण कोष तथा बाँडफाँड नगरेको मुनाफालाई जनाउनेछ ।

(ड) “निर्देशिका” भन्नाले सहकारी संस्था बचत तथा ऋण परिचालन निर्देशिका वा यस अघि प्रयोगमा ल्याइएको बचत तथा ऋण परिचालन नीतिलाई समेत जनाउनेछ ।

(ढ) “कार्यक्षेत्र” भन्नाले सहकारी संस्थालाई सदस्यता विस्तार र कारोबार गर्न तोकिएको भौगोलिक क्षेत्र वा निर्दिष्ट स्थानलाई जनाउनेछ ।

(ण) “एकाघर परिवार” भन्नाले छुट्टी भिन्न नभै एक घर परिवारमा बसेका बाबु, आमा, दाजु, भाइ, दिदी, बहिनी, पति, पत्नी, छोरा, बुहारी, धर्म पुत्र, धर्म पुत्रीलाई जनाउनेछ । सो शब्दले सदस्यले पालन पोषण गर्नुपर्ने वा निजमा आश्रित व्यक्ति समेतलाई जनाउनेछ ।

(त) “शेयर पुँजी” भन्नाले सहकारी संस्थाको चुक्ता शेयर पूँजीलाई जनाउनेछ ।

(थ) “निक्षेप” भन्नाले ब्याज दिने गरी वा नगरी सहकारी संस्थामा सदस्यहरुले नियमित वा आवधिक वा ऐच्छिक रुपमा सदस्यका नाममाा जम्मा गरेको

बचत रकमलाई जनाउनेछ । यस शब्दले सदस्यहरुलाई नाबालक बालबालिकाको नाममा नियमित जम्मा हुने बचत रकम समेतलाई जनाउनेछ ।

(द) "लक्षित समुदाय" भन्नाले मानव विकास सूचकांकमा पछि रहेका महिला, दलित, मुस्लिम, जनजाति, शारीरिक रुपमा कम सक्षम, भूमिहीन किसान, सुकुम्बासी, मजदुर, दुर्गम क्षेत्रका बासिन्दाहरु र गरिबीको रेखामुनि रहेका अन्य समुदायलाई समेत जनाउनेछ ।

## परिच्छेद -२

## दर्ता तथा संचालन सम्बन्धि मापदण्डहरु

३. संस्था दर्ता गर्ने आधार : सहकारी संस्था दर्ता गर्दा निम्न आधारमा गरिनेछ :

३.१ बसोबासको आधार : बसोबासको आधारमा संस्था दर्ता गर्न संयुक्त रुपमा आवेदन गर्ने अलग अलग परिवारका कम्तिमा तीस जना प्राकृतिक व्यक्तिहरुको निम्नानुसारका कागजातहरु पेश गर्नु पर्नेछ ।

(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

(२) हालसालै खिचिएको पासपोर्ट साइजको दुई प्रति फोटो ।

(३) कार्यक्षेत्रभित्र बसोबास गरेको तर प्रस्तावित संस्थाको कार्यक्षेत्र बाहिरको नागरिकता भएको आवेदकहरुको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिको साथमा कार्यक्षेत्रभित्र बसोबास गरेको व्यहोरा प्रमाणित हुने देहायको मध्ये कुनै एक प्रमाणको प्रमाणित प्रतिलिपि ।

(क) परिवार सहितको बसाई सराई गरी आएको भए सोको प्रमाण पत्र ।

(ख) बैवाहिक सम्बन्धको आधारमा बसाई सर्नु परेको भए बिवाह दर्ताको प्रमाण पत्र र नाता प्रमाणित ।

(ग) घर भएको प्रमाणित गर्न जग्गाधनी पुर्जाको प्रतिलिपि र घर नक्सा इजाजतको प्रतिलिपि वा हालसालै बिद्युत महसुल तिरेको बिल र तिरो तिरेको रसिद ।

(घ) कर्मचारीको हकमा स्थायी नियुक्ति पत्र, हाल कार्यरत कार्यालय वा निकाय खुल्ने प्रमाण र सम्बन्धित कार्यक्षेत्रमा बहालमा बसोबास गरेको व्याहोरा प्रमाणित हुने स्थानिय निकायले गरेको बढीमा एक महिना भित्रको सिफारिस ।

(ङ) आमा बाबु श्रीमान श्रीमति र छोरा छोरी बाहेक अन्यको हकमा एकाघर संगोलमा रहेको नाता समेत खुल्ने स्थानीय तहको सिफारिस ।

(४) बसोबासको आधारमा संस्था दर्ताको लागि आवेदन गर्ने व्यक्तिहरु मध्ये मा नब्बे प्रतिशत आवेदकहरुको स्थायी बसोबास प्रस्तावित संस्थाको कार्यक्षेत्र भित्र हुनु पर्नेछ । यो अनुपात संस्थाले सधै कायम राख्नु पर्नेछ ।

(५) यो मापदण्ड जारी हुनु भन्दा अघि निजी कम्पनी वा गैर सरकारी संस्थामा आवद्ध व्यक्तिहरु मात्र सदस्य हुन पाउने गरी दर्ता भएका सहकारी संस्थाहरु निश्चित भौगोलिक क्षेत्र कायम गरी सदस्यहरुको बसोवासको आधारमा संस्थाको कार्यक्षेत्र परिमार्जन गर्न इच्छुक भएमा साधारण सभाबाट तत्काल कायम रहेका दुई तिहाई सदस्यहरुको स्वीकृतिमा यो मापदण्ड जारी भएको छ महिना भित्र खण्ड ३.१ मा उल्लेखित कागजातहरु सहित कार्यक्षेत्र परिवर्तनका लागि कार्यालयमा निवेदन पेश गर्ने गरी एक पटकलाई कार्यक्षेत्र परिमार्जन तथा दर्ताको आधार परिवर्तन गर्न अवसर दिइनेछ ।

(६) उपदफा (५) बमोजिम कार्यक्षेत्र र दर्ताको आधार परिवर्तन गर्नु पूर्व प्रमुख प्रशासकीय अधिकृतको स्वीकृति लिनु पर्नेछ ।

**३.२ पेशा र पेशागत संगठनको आधार :**

(१) कम्तिमा पन्ध्र जना एउटै पेशा वा पेशागत संगठनका व्यक्तिहरु मिली प्रारम्भिक सहकारी संस्था दर्ता गर्न सक्नेछन् । यस आधारमा संस्था दर्ता गर्नका लागि पेशा वा पेशागत संगठन खुल्ने प्रमाणहरु समेत पेश गर्नु पर्नेछ । यस्ता संस्थाको कार्य क्षेत्र सदस्यहरुको प्रकृति अनुसार सम्बन्धित

निकायको परिसर वा आवेदक सदस्यहरुको ठेगानाका आधारमा बढीमा घ्याङलेख गाउँपालिका भरसम्म कायम गर्न सकिने छ ।

(२) कानुन बमोजिम गठित एउटा पेशगत संगठन अर्न्तगत एकभन्दा बढी संस्थाको दर्ता गरिने छैन । सम्बन्धित पेशागत संगठनको आधिकारिक सहमतिमा मात्र पेशागत संगठनको आधारमा संस्था दर्ता गर्न सकिनेछ ।

**३.३ संस्थागत आधार :** सरकारी निकायमा कार्यरत कर्मचारीहरु, नेपाल सरकाको पुर्ण अर्ध वा आंशिक स्वामित्व भएका सरकारी संस्थान वा प्राधिकरणका कर्मचारीहरु, सार्वजनिक, सहकारी र निजी कलकारखानामा कार्यरत मजदुरहरु, शैक्षिक संस्थामा कार्यरत शिक्षक तथा कर्मचारीहरु, अस्पतालमा कार्यरत कर्मचारीहरु, शहरमा आई बसोबास गरेका कुनै भौगोलिक क्षेत्रका समाजमा संगठित रहेका व्यक्तिहरु मात्र सदस्य हुन सक्ने आधारमा निर्दिष्ट भौगोलिक क्षेत्र वा कार्यालयको परिसर भित्र मात्र कार्यक्षेत्र रहने गरी आफ्ना सदस्यहरु माझँ बचत तथा ऋणको कारोवार, सदस्यहरुको सामुहिक हीत प्रर्बद्धनका लागि सामाजिक कामहरु र सास्कृतिक क्रियाकलापहरु संचालन गर्ने उद्देश्य राखी सहकारी सस्था दर्ता गर्न सकिनेछ। तर औद्योगिक क्षेत्र परिसरभित्रका बहुसंख्यक मजदुरहरुको सदस्यता रहने गरी दर्ता गरिने सहकारी संस्थालाई बचत तथा ऋण, पसल, शिशु स्याहार केन्द्र, स्वास्थ्य क्लिनिक, वाचनालय, जस्ता परिसर भित्र संचालन गर्न सकिने बहुमुखी काम गर्न पाउने गरी उद्देश्यहरु राख्न दिइनेछ । यस आधारमा दर्ता हुने सहकारी संस्थाका आवेदक सदस्यले आवेदन गर्दा दरखास्तका साथ देहायका विवरण पेश गर्नु पर्नेछ :

१. एक सय जना आवेदक भएको

२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

३. हालसालै खिचिएको पासपोर्ट साइजको फोटो २।२ प्रति ।

४.सम्बन्धित निकायको सदस्यता वा नियुक्तिको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

५. सम्बन्धित निकायको स्वीकृति ।

**४. संस्थाको नाम सम्बन्धि मापदण्ड** :

(१) सस्थाको नाममा “बैंक”, “फाइनान्स”, “इन्भेष्टमेण्ट”, “डेभलपमेण्ट” तथा “वित्तिय संस्था” वा “कम्पनी” जनाउने शब्दहरु प्रयोग गर्न पाइने छैन । यस अगाडि यस्तो नाम राखि संस्था दर्ता भएको भए कार्यालयले यस्तो नाम परिवर्तन गर्न निर्देशन दिनेछ । कार्यालयको निर्देशन पालना गर्नु संस्थाको जिम्मेवारी हुनेछ ।

(२) सांस्था दर्ता गर्दा एउटा नामको एक मात्र संस्था दर्ता गर्न सकिनेछ ।

(३) संस्थाको प्रस्तावित नामका लागि निवेदन सहित अग्रिम स्वीकृति लिनु पर्नेछ । प्रस्तावित नाममा तीन दिन भित्र कार्यालयले मिल्ने नमिल्ने जानकारी दिनु पर्नेछ। स्वीकृति लिएको दश दिन भित्रमा प्रस्तावित नामको संस्था दर्ताका लागि कार्यालयमा निवेदन पेश गरी सक्नुपर्नेछ । तोकिए बमोजिमको समय नाघेपछि सो नाम अरुले प्रयोग गर्न सक्नेछन् ।

(४) कुनै निकाय वा समुह वा व्यक्तिबाट प्रवर्द्धित भनी उल्लेख गरिएको संस्था दर्ता गरिने छैन । यस्तो शब्दको प्रयोग संस्था संचालकको कुनै पनि चरणमा प्रयोगमा ल्याउन पाइने छैन ।

(५) तोकिएको भौगोलिक कार्यक्षेत्र भन्दा व्यापक कार्य क्षेत्र जनाउने नाम राखी संस्था दर्ता गरिने छैन ।

(६) संचालनमा रहेका अन्य संस्थाहरुको नामको अगाडि वा पछाडि उपसर्ग वा प्रत्यय वा अन्य शव्द जोडी संस्था दर्ता गरिने छैन ।

(७) संस्थाको नाम देवनागरी लिपिमा हुनुपर्नेछ । अनुवाद गरी अंग्रजी र नेपालीमा फरक नाम उल्लेख गर्न पाइने छैन । प्रस्तावित संस्थाको नाम अर्थ खुल्ने गरी कम्तिमा दुई अक्षरको हुनु पर्नेछ । नामका लागि संक्षिप्त अक्षरको प्रयोग गर्न सकिने छैन । संस्थाको नाममा सहकारी र लिमिटेड शब्दको प्रयोग अनिवार्य हुनेछ ।

**५. संस्थाको नाम परिवर्तनको प्रक्रिया र कार्यविधि :**

(१) सामान्य अवस्थामा संस्थाको नाम परिवर्तनका लागि स्वीकृति दिइने छैन ।

(२) विशेष परिस्थितीमा कार्यालयको नाम परिवर्तनको स्वीकृति दिन सक्नेछ ।

(३) नाम परिवर्तका लागि साधारण सभाको निर्णयले मात्र प्रस्ताव गर्न सकिनेछ ।

(४) ग्रामिण तहमा संचालनमा रहेका कुनै सहकारी संस्थाहरुले कृषि सहकारी जनाउने गरी र वहुउद्देश्यीय संस्थालाइ एकल उद्देश्यको नाम र उद्देश्य परिवर्तन गर्न चाहेमा प्रश्रय दिइने छ ।

(५) उपदफा (२) बमोजिम नाम परिवर्तन गर्न स्वीकृति दिइएमा निम्नानुसार गर्नु पर्नेछ ।

(क) रु एक करोड भन्दा बढी बचत तथा ऋणको प्रमुख कारोवार गर्ने संस्थाहरुले नाम परिवर्तन भएको कुरा खोली राष्ट्रिय दैनिक पत्रिकामा दुई पटक सुचना प्रकाशित गर्नु पर्नेछ ।अन्य सहकारी संस्थाहरुले यस्तो सुचना स्थानीय दैनिक पत्रिका वा दैनिक पत्रिका नभए स्थानीय एफ एम रेडियोबाट दुई पटक प्रशारण गर्नु पर्नेछ ।

(ख) खण्ड (क) बमोजिमको सूचना प्रकाशित गर्दा नाम परिवर्तन भएपछि साबिक नामबाट गरिएको कारोवार को जिम्मेवारी नाम परिवर्तन हुने संस्थामै रहने कुरा समेत सुचनामा उल्लेख गर्नु पर्नेछ

**६. शेयर पुंजी सम्बन्धी मापदण्ड** :

(१) संस्थाले जारी गर्ने कूल शेयर पुंजीको रकम संस्थाको रकम संस्थाको विनियममा उल्लेख गर्नु पर्नेछ ।

(२) संस्थाले दर्ता गर्न आवेदन गर्दा कूल शेयर पुंजी उल्लेख गर्नु पर्नेछ ।

(३) प्रस्तावित सदस्यहरुले खरिद गरको शेयर पुँजीको नामनामेशी विवरण तोकिएको ढाँचामा दर्ताको आवेदन साथ पेश गर्नु पर्नेछ ।

(४) संस्था दर्ताको बेला चुक्ता शेयर पुँजीको रकम कुल शेयर पुँजीको मा तीस प्रतिशत हुनुपर्नेछ ।

(५) तत्काल बस्ने साधारण सभाबाट अनुमोदन गराउने गरी समितिको निर्णयले संस्थाको शेयर पुँजी बृद्धि गर्न सकिनेछ। शेयर पुँजी बृद्धिको निर्णयको जानकारी कार्यालयमा गराउनु पर्नेछ। सामान्यतय २ वर्ष नपुगी शेयर वृद्धि गर्न सकिने छैन ।

**७. शेयर खरीद र अन्य सहकारीमा लगानी सम्बन्धि मापदण्ड** :

(१) बचत तथा ऋणको कारोबार गर्ने एउटा सहकारी संस्थाले सोही प्रकृतिको कारोबार गर्ने अर्को संस्थाको शेयर खरिद गर्न पाउने छैनन् ।

(२) यो मापदण्ड जारी हुनु अघि गरिएको अन्य निजी व्यवसाय वा कम्पनी वा फर्ममा गरिएको लगानी यो मापदण्ड जारी भएको दुईवर्ष भित्र संस्थामा फिर्ता ल्याउने व्यवस्था मिलाउनु पर्नेछ । यो मापदण्ड जारी भएपछि कुनै निजी व्यवसाय वा व्यापारिक फर्म वा कम्पनीमा शेयर र ऋण लगानी गर्न पाइने छैन। यस मापदण्ड विपरित गरिएको शेयर तथा ऋण लगानी संचालकहरुबाट असुल उपर गराई संस्थाको कोषमा दाखिला गर्न लगाइनेछ।

(३) आफु सदस्य रहेको विषयगत संघ वा राष्ट्रिय सहकारी बैंक बाहेक कुनै पनि संस्थाले समान्तर अर्को प्रारम्भिक संस्थामा बचत निक्षेप जम्मा गर्न पाउने छैन । विषयगत संघ वा सहकारी बैंकमा राखिएको निक्षेप रकमलाई तरलतामा गणना गरिने छ

(४) कार्यालयको स्वीकृतिमा सहकारी संस्थाहरुले साझेदारीमा उद्योग व्यवसायहरु संचालन गर्न सक्नेछन् । यस्तो उद्योग व्यवसायको व्यवस्थापनका लागि संचालक समितिले संचालक सदस्यबाट अवधि तोकि प्रतिनिधित्व गराउनु पर्नेछ वा विनिमयमा व्यवस्था गरी प्रतिनिधि निर्वाचन गर्ने व्यवस्था गर्नु पर्नेछ ।

(५) वित्तिय कारोबार बाहेकको उद्देश्यका लागि संस्थाहरुको सयुंक्त वा एकल लगानीमा व्यवसाय संचालन गर्ने गरी सहकारी उद्योग वा व्यवसाय दर्ता गर्न सकिनेछ। लगानीको सीमा मापदण्डको दफा ३३ को उपदफा (१) मा तोकिए बमोजिम हुनेछ ।

**८. संचालक र लेखा समितिको गठन :**

(१) एकै परिवारबाट एकभन्दा बढी व्यक्ति एउटै सस्थाको संञ्चालक वा लेखा समितिको कुनै पदका लागि निर्वाचनमा उम्मेदवार हुन पाउने छैन ।

(२) प्रारम्भिक संस्थामा सात तथा बढीमा एघार जना सदस्य भएको संचालक समितिको गठन गर्नु पर्नेछ । तेत्तीस प्रतिशत महिला सन्चालक समितिमा समावेश भएको हुनुपर्नेछ ।

(३) संस्थाबाट लिएको ऋणको भाखा नाघेको ऋण तिर्न बझाउनु पर्ने अन्य रकम नबुझाएसम्म र बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिई कालो सुचीमा परेका व्यक्ति संचालक वा लेखा समितिको कुनै पदमा उम्मेदार हुन पाउने छैन ।

(४) संचालक समितिले आफनो पदावधि समाप्त हुनु मा एक महिना अगावै नयाँ समितिको लागि निर्वाचन गराउनु पर्नेछ ।

(५) संस्थाको संचालक समितिको पदावधि समाप्त हुने अभिलेख सम्बन्धित कार्यालयले अद्यावधिक गराई राख्नु पर्नेछ ।

(६) समितिको पदावधि समाप्त भएर पनि निर्वाचन नगराउने संस्थाको हकमा कार्यालयले निर्वाचन गर्ने व्यवस्था मिलाउनु पर्नेछ । यस कार्यमा सम्बन्धित संस्थामा विद्यमान पदाधिकारी, कर्मचारी एवं सदस्यहरुले आवश्यक सहयोग गर्नुपर्नेछ । यस अनुसार हुने निर्वाचनको व्यावस्थापनको जिम्मेवारी र लाग्ने खर्च सम्बन्धित संस्थाले व्यवस्था गर्नु पर्ने छ ।

(७) संस्थाको संचालक वा लेखा समितिमा उम्मेदवार हुने व्यक्तिले अनसुचि - १ बमोजिमको ढाँचाको मनोनयन पत्र निर्वाचन समितिसमक्ष पेश गर्नु पर्नेछ ।

(८) कुनै पनि व्यक्ति एकै प्रकृतिको एक भन्दा बढी सहकारी संस्थाको सदस्य हुन पाउने छैनन । उजुरीका आधारमा सम्बन्धित कार्यालयले दोहोरो सदस्यता कानुन बमोजिम खारेज गर्नेछ ।

(९) संस्थाको संचालक वा लेखा समितिको पदमा उम्मेदार हुँदा सदस्यले आफनो नाम कालो सूचिमा नपरेको, एकाघर परिवारका अन्य व्यक्तिले मनोनयन पत्र दाखिल नगरेको, र आफु सोही प्रकृतिको अन्य संस्थाको संचालक वा लेखा समितिको पदाधिकारी नरहेको भनी मनोनयन पत्रमा उल्लेख गर्नु पर्नेछ ।

(१०) संस्थाको विनियममा संचालकको पदमा उम्मेदवार हुन सदस्य सदस्यहरुका बीच विभेद हुने गरी कुनै प्रावधान राख्न पाईने छैन । तर यस व्यवस्थाबाट संस्थाको संचालक समितिको दोस्रो कार्यकाल देखी एक कार्यकाल सम्म निरन्तर रुपमा संस्थाको सदस्य रही आर्थिक कारोबारमा संलग्न रहेको व्यक्ति हुनु पर्ने व्यवस्था गर्न तथा पछाडि परेका महिला वा निश्चित समुदायका व्यक्तिहरुको प्रतिनिधित्व सुनिश्चित गर्न विनियममा गरिएको विशेष व्यवस्था अर्न्तगतका पदहरुमा सोही लिंग वा समुदायका व्यक्तिहरुले मात्र तोकिएको पदमा उम्मेदवार वन्न र निर्वाचित हुन वाधा पर्ने छैन ।

(११) मतदानमा सहभागी हुन पाउने सबैको हक सुरक्षित गर्नु पर्नेछ । एक जिल्ला भन्दा बढी कार्यक्षेत्र भएको वा जिल्ला भित्र पनि क्षेत्रगत आधारमा पाँच सय भन्दा बढी सदस्य संख्या भएको सहकारी संस्थाहरुले क्षेत्रगत रुपमा संचालक समितिमा प्रतिनिधित्व सुनिश्चित हुने गरी विनियममा नै व्यवस्था मिलाउनु पर्नेछ ।

(१२) प्रारम्भिक सहकारी संस्थाहरुकोमा एक कार्यकाल संचालक समिति र लेखा समितिमा नरहेका व्यक्तिहरु कुनै पनि संस्थाको पदाधिकारीमा उम्मेदवार हुन पाउने छैनन् ।

(१३) कर्मचारिहरुको सहभागितामा कर्मचारीहरु मात्र सदस्य हुन पाउने गरी संचालनमा रहेका संस्था बाहेक अन्य संस्थाको समितिको कुनै पनि पदको निर्वाचनमा वहावाला निजामति कर्मचारी, बैंक तथा वित्तीय संस्थामा कार्यरत कर्मचारीहरु उम्मेदवार हुन पाउने छैनन । तर यस प्रावधानले सरकारको लगानी वा सम्पत्तिको उपायोगका कारणबाट संचालक सकितिमा पदेन

संचालकको भूमिका निर्वाह गर्न यस व्यवस्थाले बहालवाला निजामती कर्मचारीलाई कुनै बाधा पुग्ने छैन ।

(१४) संचालक समितिको अध्यक्ष वा अन्य पदहरुमा उम्मेदवार हुने व्यक्ति संस्थाको संचालक समितिको एक कार्यकाल सम्म निरन्तर शेयर सदस्य रही सदस्यको दायित्व निर्वाह गरेको ब्यक्ति हुनु पर्नेछ । स्पष्टीकरण : एक कार्यकाल भन्नाले संस्थाको विनियमावलीमा तोकिएको अवधिलाई गणना गरिनेछ । संस्थाको संचालक समितिको पहिलो निर्वाचन र पदावधि नसकिदै गरिने सोही पदावधिको निर्वाचनमा भने यस्तो व्यवस्था लागु हुने छैन ।

(१५) संचालक समितिको निर्वाचन गर्दा संचालक सदस्यहरुको मात्र निर्वाचन गरी संचालक सदस्यहरु मध्येबाट अध्यक्ष चयन गर्ने व्यवस्था गर्न सकिनेछ । संचालक समितिको निर्णयबाट अन्य सदस्यहरुको जिम्मेवारी तोक्ने सकिनेछ ।

(१६) संस्थामा तत्काल कायम रहेको सदस्यता अनुपातका आधारमा संचालक समिति र लेखा समितिका पदाधिकारी निर्वाचनमा महिला नेतृत्व निर्वाचन हुने विशेष व्यवस्था मिलाउनु पर्नेछ ।

९. **संचालक समितिको काम तथा कर्तव्य** : विनियममा गरिएको व्यवस्था अर्न्तगत वा बाहेक देहायका जिम्मेवारी बहन गर्ने दायित्व समितिको हुनेछ ।

(१) संस्थाको बचत तथा सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने जिम्मेवारी संयुक्त रुपमा संचालकहरुको हुनेछ । तर बरबुझारथ नगरेको अवस्था सम्म संस्थाको सम्पति र दायित्व सम्बन्धि जिम्मेवारी अघिल्लो संचालकहरुले समेत वहन गर्नु पर्नेछ । बरबुझारथ भए गरेकोमा सोही बमोजिमको दायित्व निर्वाह गर्नु पर्नेछ ।

(२) बचत तथा ऋणको कारोबार गर्ने संस्थाले साधारण सभाको स्वीकृतिमा बनेको बचत तथा ऋण नीतिका आधारमा एक निश्चित रकम सम्मको ऋण प्रवाहमा व्यवस्थापनलाइ अधिकार प्रत्यायोजन गरे देखि बाहेक ऋण उपसमितिको सिफारिसमा मात्र संचालक समितिले ऋण लगानी गर्नुपर्नेछ ।

ऋण प्रवाहमा प्रक्रियागत त्रुटीका कारण जोखिम उत्पन्न भएमा सम्बन्धित निर्णय गर्ने अधिकारी र प्राविधिक रुपले सिफारिस गर्ने कर्मचारी एवं सामुहिक रुपमा निर्णयमा संलग्न समितिका सबै पदाधिकारीले जिम्मेवारी वहन गर्नुपर्नेछ ।

(३) निर्वाचन भएको पन्ध्रदिन भित्र निर्धारित ढाँचामा संस्थाका सञ्चालक समिति र लेखा समितिको पदाधिकारीहरुको हालसालै खिचिएको फोटो सहित तीन पुस्ते नाम, पद, स्थायी ठेगाना, सर्म्पक फोन र पत्राचारको ठेगाना खुल्ने विवरण, एवं नागरिकताको प्रमाणित प्रतिलिपि कार्यालयमा पेश गर्नु पर्नेछ ।

(४) प्रारम्भिक संस्थाको संचालक समितिको नियमित बैठक कम्तिमा महिनामा एक पटक राख्नु पर्नेछ । समितिको निर्णय पुस्तिका सुरक्षित साथ संस्थाको कार्यालयमा राख्ने व्यवस्था अध्यक्ष र प्रमुख व्यवस्थापनकले मिलाउनु पर्नेछ । प्रत्येक बैठकको निर्णयका बारेमा संचालाकहरु जिम्मेवार हुनेछन् ।

(५) संचालक र प्रमुख व्यवस्थापकले उपयोग गर्ने सेवा सुविधाको व्यवस्था साधारण सभाले पारित गरेको आर्थिक प्रशासन सम्बन्धि नियमावली र स्वीकृत वार्षिक वजेट तथा कार्यक्रम बमोजिम हुनेछ । सामान्यतया यस्तो सुबिधा प्रचलन संस्थाको वित्तीय विश्लेषणका आधारमा अस्वभाविक देखिएमा समायोजनका लागि कार्यालयले आवश्यक निर्देशन दिन सक्नेछ । निर्देशनको पालना गर्नु संस्थाको कर्तव्य हुनेछ ।

(६) समयमै लेखा परीक्षण गराई साधारण सभा सम्पन्न गर्ने दायित्व संचालक समितिको हुनेछ । पदावधि समाप्त हुनु कम्तिमा हुनु कम्तिमा एक महिला अगावै निर्वाचनको व्यवस्था मिलाउनु पर्ने कामको दायित्व समितिको हुनेछ ।

(७) शेयर सदस्यता दिने नदिने अधिकार समितिको हुनेछ । सदस्यता दिदा प्रस्तावित सदस्यको विस्तृत विवरण लिई अभिलेख राख्नु पर्ने अन्तिम दायित्व समितिको हुनेछ । विनियममा भएको व्यवस्था बमोजिम सदस्यको उत्तरदायित्व निर्वाह नगरेको आधारमा समितिले प्रक्रिया पुरा गरी सदस्यता

खारेज गर्न सक्नेछ । समितिले गरेको निर्णय चित्त नबुझेमा तीस दिनभित्र समिति मार्फत साधारण सभामा पुनरावेदन गर्न सकिनेछ । सदस्यता खारेज सम्बन्धि अन्तिम निर्णय पुनरावेदनका लागि निवेदन दिएपछि बस्ने साधारण सभाले गर्नेछ। पुनरावेदन सम्बन्धि निवेदन साधारण सभामा पेश गर्ने दायित्व समितिको अध्यक्षको हुनेछ ।

(८) कुनै सदस्यले सदस्यता छाड्न चाहेमा साठी दिन अघि लिखित रुपमा समितिसँग माग गर्नुपर्नेछ। संचालक समितिले बैठकबाट निर्णय गरी त्यस्तो सदस्यको सम्पत्ति र दायित्व यकीन गरी रकम फिर्ता गर्नु पर्नेछ। संचालक समितिले शेयर रकम फिर्ता नगरेमा सो को पुनरावेदन सुन्ने निकाय साधारण सभा हुनेछ ।

**१०. लेखा समितिको गठन र दायित्व :**

(१) संस्थाको लेखा समिति एक जना संयोजक सहित तीन सदस्यीय हुनेछ । सदस्य निर्वाचन गर्दा कम्तिमा एक जना सदस्य लेखाको ज्ञान भएको व्यक्ति हुनुपर्नेछ ।

(२) लेखा समितिको गठन शेयर सदस्यहरुले निर्वाचनबाट गर्नेछन् ।

(३) संस्थाको अध्यक्ष र प्रमुख व्यवस्थापकसँग एकाघरको नाता सम्वन्ध रहेको शेयर सदस्य लेखा समितिको संयोजक वा सदस्य हुन सक्ने छैन । लेखा समितिका पदाधिकारीले अध्यक्षसंगको आफनो नाता सम्बन्ध वा व्यापारिक स्वार्थ भए नभएको बारेमा संचालक समितिलाई लिखित रुपमा जानकारी गराउनु पर्नेछ ।

(४) प्रत्येक संस्थाको लेखा समितिले देहायका विषय मा परीक्षण गरी अनुसुची-२ को ढाँचामा अनिवार्य रुपमा वार्षिक प्रतिवेदन साधारण सभा र सोको एक प्रति सम्बन्धित कार्यालयमा पेश गर्नु पर्नेछ ।

(क) व्यवस्थापन परीक्षण (खास गरी कर्मचारी व्यवस्थापन र सम्पतिको उचित प्रयोग र संरक्षणका बारेमा) ।

(ख) साधारण सभा र विशेष साधारण सभाको निर्णयको कार्यान्वयनको अवस्था ।

(ग) संचालक समितिको बैठक, निर्णय र कार्यन्वयनको नियमितता ।

(घ) बचत तथा ऋणको कारोबार गर्ने संघ संस्थाको हकमा ऋण लगानी प्रक्रिया र सुरक्षणको अवस्था ।

(ङ) कार्यालयद्धारा जारी मापदण्डहरुको कार्यान्वयन अवस्था ।

(च) कार्यालयले अनुगमन निरीक्षण गर्दा देखाइएको कैफियत र सुझावहरुको कार्यान्वयनको अवस्था ।

(छ) संस्थाको पदाधिकारी र प्रमुख व्यवस्थापकले लिएका पारिश्रमिक, सुविधा र भत्ता सम्बन्धि विवरण ।

(ज) कर्मचारी भर्ना प्रकृया ।

(झ) शेयर सदस्यहरुलाई नियमानुसार दिईएको मुनाफा र अन्य थप सुविधाहरु ।

लेखा समितिले उल्लेख गर्न चाहेका अन्य विषयहरु ।

(५) लेखा समितिले चौमासिक आधारमा नियमित परीक्षण गरी प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(६) लेखा समितिको वार्षिक प्रतिवेदन नियमित वार्षिक साधारण सभा बस्नुभन्दा मा पन्ध्र दिन अगाडि संचालक समितिमा पेश गर्नु पर्नेछ । संचालक समितिले वार्षिक साधारण सभाको विवरणमा सो प्रतिवेदन अनिवार्य रुपमा समावेश गरी शेयर सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ ।

(७) लेखा समितिको प्रतिवेदनहरु लेखापरीक्षकलाई लेखापरीक्षण गर्नु अघि नै उपलब्ध गराउनु पर्नेछ ।

(८) प्रत्येक चौमासिक प्रतिवेदन तयार गरी संचालक समितिका अध्यक्ष वा प्रमुख व्यवस्थापक मार्फत समितिमा पेश गर्नु पर्नेछ ।

घ्याङलेख गाउँपालिका

(९) प्राप्त प्रतिवेदन बारे संचालक समितिलाई स्पष्ट पार्न संचालक समितिको बैठकमा लेखा समितिका संयोजक वा निजको अुनपस्थितिमा कुनै अर्को सदस्यलाई आमन्त्रण गर्नु पर्नेछ ।

(१०) अनुगमनको क्रममा लेखा समितिले आफनो दायित्व वहन गर्न नसकेको वा नगरेको पाईएमा वा सदस्यहरुले निवेदन दिएमा प्रमुख प्रशासकीय अधिकृतले तत्काल अर्को लेखा समिति गठनका लागि विशेष साधारण सभा बोलाउन निर्देशन दिन सक्नेछ ।

**११. साधारण सभा सम्बन्धि मापदण्ड** :

(१) साधारण सभा सम्पन्न भएको पन्ध्र दिन भित्र सम्बन्धित संघ सस्थाले लेखापरीक्षणको प्रतिवेदन, कारोबारको वार्षिक प्रतिवेदन, अध्यक्षले प्रमाणित गरेको सभाको निर्णयका प्रतिलिपिहरु, सदस्यहरुको उपस्थितिको विवरण र निर्वाचन सम्पन्न भएको भए संचालक र लेखा समितिका पदाधिकारीहरुको व्यक्तिगत विवरण समेत तोकिएको ढाँचामा सम्बन्धित कार्यालयमा पेश गर्नु पर्नेछ ।

(२) साधारण सभाको सुचना प्रसारणमा देहायका प्रक्रियाहरु पुरा गर्नु सस्थाको कर्तव्य हुनेछ ।

(क) साधारण सभा बस्ने सुचनामा पन्ध्र दिन अगाडि प्रकाशन र प्रशारण गर्नु पर्नेछ ।

(ख) विशेष साधारण सभाको सुचना सात दिन अगाडि प्रकाशन र प्रशारण गर्नु पर्नेछ ।

(ग) सुचनाका लागि सबै सदस्यहरुले जानकारी पाउने माध्यमको उपयोग गर्नु पर्नेछ ।

(घ) प्रकाशित वा प्रशारित सुचनाको जानकारी सम्बन्धित कार्यालयलाई सुचना प्रकाशित भएको मितिले तीन दिन भित्र छिटो साधनद्वारा गराउनु पर्नेछ ।

(ङ) सुचनामा सभा बस्ने स्थान, मिति, समय, र सभामा प्रस्तुत हुने प्रमख विषयहरु समाबेश गर्न पर्नेछ ।

(च) नयाँ संचालक समिति र लेखा समिति वा रिक्त पदहरुमा निर्वाचन गर्नु पर्ने भए निर्वाचन सम्बन्धि कार्यक्रमको संक्षिप्त विवरण समेत अनिवार्य रुपमा प्रकाशन वा प्रशारण गर्नु पर्नेछ ।

(छ) सुचना प्रकाशन वा प्रशारणमा प्रभावकारी माध्यम प्रयोग नभई बहुसंख्यक सदस्यहरुले जानकारी नपाएको लागेमा प्रर्याप्त समय नदिइएको पाइएमा कार्यालयले सभा बस्ने नयाँ मिति कायम गर्न र प्रभावकारी सूचना सम्प्रेषणका लागि निर्देशन दिन सक्नेछ ।

(ज) सभा बस्ने स्थान संस्था दर्ता भएको क्षेत्र भित्रको कार्यालय परिसर वा नजिकको सभा हलमा व्यवस्थापन गर्नु पर्नेछ ।

(झ) सधारण सभा संचालन भड्किलो र खर्चिलो रुपमा गरेको पाइएमा कार्यालयले सचेत गराउन सक्नेछ । सभामा गरिने खर्चको मापदण्ड तयार गरी वार्षिक कार्यक्रम तथा बजेटमा समावेश गर्ने साथै खर्च गर्ने स्पष्ट आधार, जिम्मेवारी तथा खर्चको सीमा समितिबाट पुर्व निर्णय गरी कार्यान्वयन गर्नु पर्नेछ ।

(3) सामान्यतया नियमित वार्षिक साधारण सभा प्रारम्भिक सहकारी संस्थाहरुले आश्विन महिना भित्र, सम्पन्न गर्नुपर्नेछ । तर पौष मसान्तभित्र अनिवार्य रुपमा साधारणसभा गरिसक्नु पर्नेछ ।

**१२ सधारण सभा र निर्वाचन संचालन सम्बन्धि र थप प्रावधानहरु :**

(१) एक हजार भन्दा बढी शेयर सदस्य भएका संस्थाको हकमा प्रत्येक दश जनाबाट एक जना र एक जिल्ला भन्दा बढी जिल्लाहरु कार्य क्षेत्र हुने संघ संस्था र सहकारी बैंकको हकमा प्रत्येक जिल्लाबाट सम्बन्धित जिल्लाको कुल सदस्य संख्याको दश प्रतिशत प्रतिनिधि सहभागि हुने गरी साधारण सभा सम्पन्न गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम प्रतिनिधि छान्ने प्रयोजनका लागि सम्बन्धित संस्थाले सदस्यहरुको आधारमा क्षेत्र विभाजन गर्नु पर्नेछ । एक क्षेत्रमा पाचँ सय र बढीमा एक हजार भन्दा बढी सदस्य राख्न पाइने छैन ।

(३) उपदफा (१) बमोजिम प्रतिनिधि छनौट कार्य गर्दा सहकारी ऐनमा व्यवस्था भए बमोजिमको गणपुरक संख्या पुगेको हुनु पर्नेछ ।

(४) प्रारम्भिक संस्था तथा सन्जालको साधारण सभामा कार्यालयले सम्भव भए सम्म प्रतिनिधि पठाउनु पर्नेछ ।

(५) निर्वाचन कार्यक्रममा मतदान अधिकृतका रुपमा कार्यालयले प्रतिनिधि खटाउन सक्नेछ ।

(६) कार्यालयका कर्मचारी उपलब्ध नभएमा संस्था रहेको वा निर्वाचन सम्पन्न हुने स्थानका स्थानीय बहालवाला सरकारी कर्मचारी वा विद्यालयका स्थायी शिक्षक वा मान्यता प्राप्त कानून व्यवसायी मध्येबाट मतदान अधिकृत नियुक्त गर्न सकिनेछ ।

(७) मतदान अधिकृतले संस्थाका मतदाता नामावली यकीन गराउनु पर्नेछ । यसका लागि तथा सन्जालको आधिकारीक पदाधिकारीको हस्ताक्षर सहितको मतदाता नामावलीको सक्कलै एक प्रति मतदान अधिकृतले आफुसगँ सुरक्षित राख्नु पर्नेछ । शेयर सदस्य यकीन गर्न संस्था तथा सन्जालको स्वीकृत विनियम, कार्य क्षेत्र, र मापदण्डको व्यवस्था अध्ययन गर्नुपर्नेछ । संस्थाका जिम्मेवार पदाधिकारीले संचालक समितिले स्वीकृत गरेको र मतदान अधिकृतले प्रमाणित गरेको मतदाता नामावलीको एकप्रति सम्बन्धित कार्यालय वा विभागमा मतदान सम्पन्न भएको सात दिन भित्र उपयुक्त र छिटो संचार माध्यमबाट पठाउनु पर्नेछ ।

(८) निर्धारित निर्वाचन कार्यक्रम अनुसारका प्रक्रियहरु पुरा नगरी गरिएको निर्वाचन बैधानिक हुने छैन । निर्वाचन सम्बन्धि सबै कागजपत्रहरु सिल गरी प्रमाणित गराई तीन महिनासम्म सुरक्षित राख्नु पर्नेछ । निर्वाचन सम्बन्धि

प्रारम्भिक सुनुवाई सम्बन्धित कार्यालयले गर्नेछ। निर्वाचन प्रक्रिया पुरा नगरी भएको भन्ने लागेमा निर्वाचन सम्पन्न भएको पैतीस दिनभित्र सम्बन्धित कार्यालयमा उजुरी दिई सक्नु पर्नेछ। म्याद नाघी आएको उजुरी उपर कुनै सुनुवाई हुने छैन। कार्यालयले उजुरी परेको एक महिना भित्र छानबिन गरी निर्णय उपलब्ध गराउनु पर्नेछ। कार्यालयले गरेको निर्णय उपर चित्त नबुझे म्याद भित्र नियमानुसार पनरावेदन गर्न सकिनेछ।

(९) संस्था सन्जालको उपरोक्त बमोजिमको निर्वाचन सम्बन्धि नयाँ व्यवस्था आफ्नो विनियममा संशोधन गरेपछि मात्र लागु गर्नु पर्नेछ।

**(१३) विनियम संशोधन नगरिने :**

(१) संस्थाको प्रारम्भिक साधारण सभाले विनियम संशोधन गर्न सक्ने छैन।

(२) साधारण सभामा विनियम संशोधन प्रस्ताव गर्नु पूर्व सम्बन्धित कार्यालयबाट प्रचलित कानुन, विभागले जारी गरेको मापदण्ड र निर्देशन बमोजिम भए नभएको बारेमा सैद्धान्तिक सहमति लिनु पर्नेछ । पुर्व सहमति नलिई गरिएको परिमार्जन प्रचलित कानुन, कार्यालयले जारी गरेको मापदण्ड र निर्देशन बमोजिम नभए प्रमुख प्रशासकीय अधिकृतले सो प्रावधान अस्वीकृत गर्न सक्नेछ

(१४) **सहकारी संस्था दर्ता गर्दा पालना गर्नु पर्ने प्रावधानहरु** : सहकारी सस्थां दर्ता गर्दा पालना गर्नु पर्ने प्रावधानहरु अनुसुचि- ३ मा उल्लेख भए बमोजिम हुनेछ।

## परिच्छेद-३

## सस्थांहरुको कार्य क्षेत्र

**(१५) कार्यक्षेत्र :**

(१) बसोबासको आधारमा दर्ता हुने बचत हुने बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थालाई दर्ताको समयमा देहाय बमोजिम हुने गरी कार्यक्षेत्र तोकिनेछ । यस घ्याङलेख गाउँपालिकाभित्र संस्था दर्ता गर्न इच्छुक तीस

जना अलग अलग परिवारकाले आवेदन दिएमा एउटा वडा मात्र कार्य क्षेत्र प्राप्त गर्ने छन ।

(२) कृषि, उद्योग तथा व्यावसायिक प्रकृतिका सहकारी संस्थाको हकमा उक्त संस्थाले प्रदान गर्ने सेवा वा उत्पादनको प्रकृति, सदस्यता र भौगोलिक अवस्था हेरी प्रमुख प्रशासकीय अधिकृतको स्वीकृतिमा घ्याङलेख गाउँपालिकाभर कार्यक्षेत्र राखी संस्था दर्ता गर्न सकिनेछ । तर ठुलो कार्यक्षेत्र चाहिने स्वास्थ्य सेवा, संचार, यातायात, विद्युत वितरण, कृषि उत्पादन, भण्डारण, प्रशोधन र बजारिकरण एवं अन्य उद्योगहरु स्थापना गर्ने सहकारि संस्थाको हकमा पेशा गरिएको कार्य योजना, सम्भाव्यता र पुरानो संस्थाको हकमा प्रगति समेतको आधारमा गाउँपालिकाभर कार्यक्षेत्रको लागि प्रमुख प्रशासकिय अधिकृतले स्वीकृति प्रदान गर्ने सक्नेछ । यस्तो व्यापक कार्यक्षेत्र भएका संस्थाहरुले बचत तथा ऋणको कारोबार गर्न पाउने गरि उद्देश्य निर्धारण गर्न पाउने छैनन् ।

**(१६) बचत तथा ऋणको कारोबार गर्ने संस्थाको कार्य क्षेत्र विस्तारको आधार :**

(१) संस्थाको कार्यक्षेत्र विस्तारका लागि संस्थाले देहायका शर्तहरु पुरा गरेको भए प्रमुख प्रशासकिय अधिकृतको सवीकृति लिई कार्यालयले दफा १९ अन्तर्गतको कार्य क्षेत्रको अधीनमा रहि गाउँपालिकाको केहि क्षेत्र थप गरि कार्यक्षेत्र विस्तार गर्न स्वीकृत दिन सक्नेछ ।

(क) नियमित रुपमा लेखापरिक्षण र साधारण सभा सम्पन्न गरेको विवरण खुल्ने कागजात पेश गर्नु पर्ने ।

(ख) गाउँपालिका भित्रको आंशिक कार्यक्षेत्र विस्तार गर्न संस्था संचालनमा आएको कम्तिमा दुई आर्थिक वर्ष पुरा भएको हुनु पर्ने । गाउँपालिका भर कार्यक्षेत्र विस्तार गर्न भने संस्था संचालनमा आएको कम्तिमा पाँच आर्थिक वर्ष पुरा भएको हुनुपर्नेछ ।

(ग) लेखापरिक्षेण प्रतिवेदन र सम्बन्धित कागजातबाट संस्था प्रचलित कानुन तथा कार्यालयले जारी गरेको मापदण्ड बमोजिम संचालन भएको, संस्थाको कारोबार उत्कृष्ट रहेको, सदस्य संख्यामा उल्लेख्य वृद्धि भएको र निरन्तर मुनाफामा संचालन भएको प्रमाणित हुनु पर्ने ।

(घ) प्रचलित सहकारि ऐन, नियम र कार्यालयले जारि गरेको मापदण्ड र निर्देशनहरुको पालना गरेको विवरणलाई संस्थाको निरीक्षण प्रतिवेदनबाट पुष्टि हुनु पर्नेछ ।

(ङ) करको दायरा भित्र पर्ने सहकारि संस्थाले आन्तारिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर लिएको र नियमानुसार कर दायित्व फरफारक गरेको हुनु पर्ने ।

(च) कार्यक्षेत्र विस्तार गर्न साधारण सभाको स्वीकृति आवश्यक हुने ।

(छ) विगत वर्षहरुमा संस्थाको सदस्य संख्या वृद्धि दर उत्साहजनक हुनु पर्ने ।

(ज) सस्थाको शेयर सदस्य संख्या पाँच सयभन्दा बढी भएको हुनु पर्ने ।

(झ) घ्याङलेख गाउँपालिकाभित्रको आंशिक क्षेत्रहरु कार्यक्षेत्र विस्तारको माग गर्ने संस्थाको चुक्ता शेयर पूँजि कम्तिमा दश लाख रुपैया र गाउँपालिका भर कार्यक्षेत्र माग गर्ने संस्थाको चुक्ता शेयर पूजि पच्चीस लाख रुपैया आवश्यक हुनेछ ।

२) एकपटक कार्यक्षेत्र थप भएछि न्यूनतम दूई आर्थिक वर्ष व्यतित नभई पुनः कार्यक्षेत्र थप गरिने छैन ।

३) घ्याङलेख गाउँपालिका भित्रका दूई वा दुईभन्दा बढी एकै प्रकृतिका संस्थाहरु एउटै संस्थामा गाभिन आएमा वा अर्को नामबाट संस्था संचालन गर्ने गरी प्रक्रिया पुरा गरी एक अर्कामा गाभिएमा गाभिएका संस्थाहरुले कारोवार गरेका क्षेत्रहरु समेत कार्यक्षेत्र कायम गर्न प्रमुख प्रशासकीय अधिकृतले स्वीकृति दिन सक्नेछ ।

४) कार्यक्षेत्र थपको माग गर्दा कार्यक्षेत्र विस्तार गरिने क्षेत्रका बासिन्दाहरुको सदस्यता माग सम्बन्धी विवरण (नाम, ठेगाना, नागरिकता र हस्ताक्षर) पेश गर्नु पर्नेछ ।

१७. **सर्म्पक कार्यालय वा सेवा केन्द्र खोल्ने सम्बन्धि व्यवस्था** : स्वीकृत कार्यक्षेत्र भित्रका सदस्यहरुलाई प्रभावकारी  सेवाप्रवाह गर्न केही संख्यामा सेवा केन्द्र वा सम्पर्क कार्यालय स्थापना गर्न कार्यालयले स्वीकृति दिन सक्ने छ। यसका लागि संस्थाको सघन अनुगमनबाट संस्थाले प्रचलित कानुन र कार्यालयबाट  दिइएको निर्देशन र मापदण्डको अनुसरण गरेको सघन अनुगमनबाट प्रमाणित हुनु पर्नेछ।

## परिच्छेद -४

## बचत संकलन, ऋण लगानी, व्याजदर र तरलताको सीमाहरु

१८. निक्षेप संकलन तथा ऋण प्रवाहको सीमा :

(१) संस्थाले निक्षेप संकलन गर्ने र कर्जा प्रवाह गर्ने कार्य आफ्नो सदस्यहरुका बीचमा मात्र सीमित गर्नु पर्नेछ।

(२) संकलित निक्षेप रकम सदस्यहरुलाई ऋण प्रवाह गर्ने काम बाहेकको प्रयोजनमा प्रयोग गर्न पाइने छैन ।

(३) संस्थाले बैंकहरुमा खाता खोलेको र बन्द गरेको जानकारी सात दिनभित्र कार्यालयमा जानकारी गराउनु पर्नेछ।

(४) सहकारी संस्थाले आफ्नो सदस्यसँग निक्षेप संकलन गर्दा प्रथामिक पुँजि कोषको ब्याज मात्र संकलन गर्न सक्नेछ ।

१९. **ब्याज दर सम्बन्धि व्यवस्था :**

(१) सामान्यतया संस्थाले वचत निक्षेपमा प्रदान गर्ने ब्याजदर र ऋण लगानीमा लिने व्याजदरको निर्धारण प्रचलित बजार दरको आधारमा गर्नु पर्नेछ। यसरी ब्याजदर निर्धारण  गर्दा संस्थाले अन्यत्रबाट लिएको ऋणको रकम वा सदस्यहरुको बचत निक्षेपमा दिइने व्याजदर र सदस्यहरुलाई प्रवाह गरिने

घ्याङलेख गाउँपालिका

कर्जा वा ऋणमा लिइने औसत ब्याजदरको अन्तर छ प्रतिशत भन्दा बढी हुने गरी तोक्न पाइने छैन । लिने दिने ब्याजदर सहकारी संस्थाहरुको बीचमा रहेको चलन चल्तीको दर भन्दा अधिक भएको पाइएमा बढी लिने दिने गरेको ब्याज बापतको रकम सम्बन्धित सदस्यलाई फिर्ता बफाउनु पर्नेछ ।

(२) संस्थाले कर्जा र निक्षेपको ब्याज दर निर्धारण गर्दा विभेदकारी व्यवस्था र व्यवहार गर्नपाइने छैन । लिने दिने ब्याज दरमा विभेद गरेको पाइएमा त्यस्तो विभेदबाट संस्थालाई हानी पुऱ्याइएको रकम संचालकहरुबाट असूल उपर गरिनेछ ।

(३) विभिन्न नामको निक्षेपमा दिइने ब्याज दर र विभिन्न कर्जामा लिइने व्याज दरको अन्तर तीन प्रतिशत भित्र कायम राख्नु पर्नेछ ।

(४) निक्षेप र कर्जाको ब्याजदर अनिवार्य रुपले संचालक समितिबाट निर्णय गराई लागू गर्नु पर्नेछ ।

(५) ब्याजदर परिवर्तनको सूचना शेयर सदस्यहरुको जानकारीका लागि सार्वजनिक रुपमा एक पटक प्रकाशित गर्न सकिनेछ ।

(६) कर्जामा सम दर तथा चक्रवृद्धि ब्याज लगाउन पाइने छैन ।

(७) विभिन्न किसिमका वचतमा दिइने व्याज दर साधारण सभाले स्वीकृत गरेको वचत नीति अनुसार हुनेछ ।

**२०. निक्षेप संकलन,ऋण लगानी र ब्याज सम्बन्धि जानकारी पेश गर्नु पर्ने :**

(१) संस्थाको संचालक समितिले ब्याज निक्षेप, ऋण लगानी, ब्याज निर्धारण आदि विषयहरुमा आवश्यक शर्त, प्रकृया तथा कार्यविधिहरु स्वीकृत गरी कार्यान्वयन गर्नु पर्ने ।

(२) संस्थाले निर्धारण गरेको ब्याजदरको विवरण समय समयमा कार्यालयले माग गरेको समयमा पेश गर्नु पर्नेछ । संस्थाले परिवर्तन गरेको ब्याजदर जानकारीका लागि संस्थाको कार्यालयको सुचना पाटीमा टाँस गर्नु पर्नेछ ।

(२१) **लेखा राख्ने प्रणाली** : संस्थाका सदस्यहरु बीच लाभांश वितरण प्रयोजनको लागि नगद आधार (Cash basis) मा ब्याज आय लेखा राखी अन्य प्रयोजनका लागि प्रोदभावी आधार (Accrual basis) मा कारोबारको लेखा राख्नु पर्नेछ । नगदमा प्राप्त नभएको ब्याजलाई पाउनु पर्ने ब्याज हिसाबमा खर्च लेखी ब्याज मुल्तवी हिसाव (Interst Suspense A/c) मा जम्मा गर्ने व्यवस्था गर्नु पर्नेछ। तर यस भन्दा अगाडि यो दफा पालना नगरेका संस्थाहरुले २०७६ आषाढ मसान्त भित्र समायोजन गरिसक्नु पर्नेछ।

**२२. ऋण लगानीका लागि प्रक्रिया तथा सीमाहरु :**

(१) संस्थाले आफ्नो प्रत्येक सदस्यलाई संस्थाको कुल पुँजी कोषको १० प्रतिशतमा नबढाई ऋण प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम ऋण प्रदान गर्दा ऋण लगानीको उद्देश्य खुलाउन पर्नेछ र संस्थाको उद्देश्य अनुसार स्वीकृत परियोजनाको आधारमा ऋण लगानी गर्नु पर्नेछ।

(३) सामान्यतया कुनै सदस्यले लिएको ऋणको सावा र ब्याज भुक्तानी नगरेसम्म निजलाई पुनः ऋण लगानी गर्न पाइने छैन । विशेष परिस्थितिमा कारण खुलाई संचालक समितिको निर्णयले ऋण सम्झौता पुनरावलेकन गरी वा अल्पकालीन रुपमा थोरै रकम लगानी हुने गरी ऋण दिन सकिनेछ । स्पष्टीकरण : यस दफाको प्रयोजनका लागि कूल पूँजीकोष भित्र जम्मा शेयर रकम, जगेडा कोष, बाँडफाँड नगरेको लाभांश, कर्जा जोखिम ब्यवस्था, डुवन्त ऋण कोष, स्थिरीकरण कोष र घाटापुर्ति कोषको रकमलाई जनाउने छ।

(४) प्रस्तावित ऋण रकम उचित सुरक्षण हुने जायजेथा धरौटी वा कुनै सदस्यको धन जमानीमा मात्र संस्थाले ऋणले ऋण लगानी गर्नुपर्ने छ। तर संस्थाले जेथा जमानी नभएका सदस्यहरुलाई कुनै वा केही सदस्यहरुको निक्षेप धितो

रहने शर्तमा वा संस्थाको स्वीकृत नीति बमोजिम बिना धितो लघु ऋण लगानी गर्न बाधा पर्ने छैन ।

(५) ऋण लगानी गर्दा ऋण माग फारमको उपयोग,धितो मुल्यांकन पकृया, ऋण उपसमितिको सिफारिस वा स्विकृति र अनुमोदन जस्ता पुर्व निर्धारित प्रक्रिया अवलम्वन गरी ऋण प्रदान गर्नु पर्नेछ ।

(६) संस्थाले जेथा धितो राखी ऋण लगानी गर्दा ऋण लिने सदस्यको आफ्नै वा एकाघरका परिवारका सदस्यको नामको जेथा (Primary Collateral) मा पचास प्रतिशत धितो राखेर मात्र ऋण लगानी गर्नु पर्नेछ ।

(७) संस्थाबाट प्रवाहित हुने सबै प्रकारका ऋण लगानीमा कूल परियोजना लागतको बढीमा सत्तरी प्रतिशत अंश संस्थाबाट र घटीमा तीस प्रतिशत अंश ऋणी सदस्यको स्व-पूँजीबाट व्यहोर्ने गरी ऋण लगानी गर्ने व्यवस्था मिलाउनु पर्नेछ । सदस्यहरुलाई घरजग्गा खरीद गर्न ऋण दिनुपर्ने भएमा कूल मुल्यको बढीमा चालिस प्रतिशत मात्र लगानी गर्न सकिनेछ। संस्थाले कुल ऋण लगानीको पच्चीस प्रतिशतमा नबढ्ने गरी घर जग्गा कर्जाको सीमा निर्धारण गर्नु पर्नेछ ।

(८) नेपाल राष्ट्र बैकबाट सीमित बैकिङ्ग कारोवार गर्ने स्वीकृति लिएका संस्थाहरुको हकमा ऋण नोक्सानी कोष लगायतका व्यवस्थामा नेपाल राष्ट्र बैकले तोके बमोजिम शर्त पालना गर्न दण्डले कुनै बाधा पुऱ्याएको मानिने छैन ।

(९) दश लाख रुपैंया भन्दा माथिको कूल परियोजना लागत निर्धारण गर्दा संस्थागत मल्यांकनकर्ताहरुबाट र अन्यमा कुनै एक संचालक, ऋण उप समिति सदस्य र व्यावस्थापकको सामुहिक टोलीले मूल्यांकन गर्नु पर्नेछ ।

(१०) संस्थाले आफनो सदस्यको शेयर प्रमाणपत्र धितो जमानी राखी कर्जा प्रवाह गर्न पाउने छैन ।

घ्याङलेख गाउँपालिका

(११) संस्था दर्ता हुँदाका बखत रहेका सदस्य बाहेक अन्यको हकमा सदस्यको रुपमा तीन महिनासम्म संस्थामा नियमित बचत गरेपछि मात्र कर्जा प्रवाह गर्न सकिनेछ ।

(१२) साधारण सभाको स्वीकृतिमा कर्जा प्रवाह सम्बन्धि प्रशासनिक खर्चका लागि बढीमा एक प्रतिशतसम्म व्यवस्थापन शुल्क लिने बाहेक कर्जा प्रवाहको नाममा अन्य कुनै शुल्क लिएको पाईएमा सम्बन्धित सदस्यलाइ फिर्ता गराउने  र संचालक समितिलाई सचेत गराइनेछ ।

(१३) संस्थाले ऋण लगानी गर्दा घट्दो दरमा ब्याज हीसाब गर्नु पर्नेछ । व्याज पूँजीकरण गर्न पाइने छैन ।

(१४) धितो बापतको सम्पत्ति संस्थाको नाममा दृष्टिबन्धक वा रोक्का गराइ राख्नु पर्नेछ । संचालक वा अन्य कुनै व्यक्ति नाममा राख्न पाइने छैन ।

**२३. समितिका सदस्यले ऋण लिंदा पालना गर्नु पर्ने मापदण्ड :**

(१) संस्थाका संचालक तथा लेखा समितिका उनान्पचास  प्रतिशत भन्दा बढी पदाधिकारीलाई एकै अवधिमा ऋण लगानी गर्न पाइने छैन । संस्थामा आवश्यकता भन्दा बढी  तरलता रहेको अवस्थामा छोटो अबधिको ऋण लगानी गर्न भने  यो व्यवस्थाले बाधा पर्ने छैन ।

(२) संस्थाको संचालक समिति, लेखासमिति, ऋण उप-समितिका पदाधिकारी तथा व्यवस्थापकले लिएको ऋणको विवरण वार्षिक रुपमा सम्बन्धित कार्यालयमा पेश गर्नुपर्नेछ ।

२४. ऋणको वर्गीकरण:संस्थाले आफनो सदस्यलाई ऋण लगानी गर्दा हकमा देहाय बमोजिम ऋण नोक्सानी कोषको व्यवस्था गर्नूपर्नेछ ।

| **ऋणको वर्गिकरण** | **भाखा नाघेको अवधी** | **ऋण नोक्सानी कोषको व्यवस्था** |
|---|---|---|
| असल ऋण | भाखा नाघेको | एक प्रतिशत |
| शंकास्पद ऋण | एक वर्ष सम्म भाखा नाघेको | पैतीस प्रतिशत |
| खराव ऋण | एक वर्ष भन्दा बढी भाखा नाघेको | सय प्रतिशत |

**२५. पेश्की लिन नपाइने :**

(१) संस्थाका सञ्चालक, व्यवस्थापक र लेखा समितिका पदाधिकारीहरुलाई काम र पेश्की फछ्र्योटको समय सिमा नतोकी पेश्की दिन पाइने छैन ।

(२) उपदफा (१) विपरीत व्यक्तिगत प्रयोजनका लागि लिएको पेश्की रकमलाई ऋण सरह मानी अधिकतम व्याज सहित असुल उपर गर्नु गराउनु पर्नेछ ।

**२५. तरलता सम्बन्धि व्यवस्था :**

(१) बचत तथा ऋण सम्बन्धि कारोवार गर्ने प्रत्येक संस्थाले कुल निक्षेप रकमको कम्तिमा पन्ध्र प्रतिशत रकम तरलता राख्नु पर्नेछ नगद मौज्दात, बैंक मौज्दात, सहकारी ऋाण पत्रमा गरिएको लगानी र सहकारी बैक तथा बचत ऋण सहकारी संघमा रहेको निक्षेप रकमलाई तरलताको रुपमा गणना गरिनेछ ।

(२) प्रत्येक महिनाको अन्तिम दिनलाई आधार मानि तरलताको गणना गर्नु पर्नेछ ।

**२६. सहकारी उद्योग व्यवसायमा लगानी :**

(१) कार्यालयको पुर्व स्वीकृतिमा संस्थाले जगेडा कोषमा राखिएको रकमबाट बचत तथा ऋण कारोबार गर्ने सहकारी संस्थाको हकमा पचास प्रतिशत र अन्य सहकारी संस्थाको हकमा बढीमा असी प्रतिशत सम्म र पूँजी निक्षेपको अनुपात कायम रहने गरी थप पूँजी सिर्जना गरी संस्थागत विकासका लागि वा सहकारी संघ संस्थाहरुको संयक्त लगानीमा स्थापना हुने वित्तीय कारोवार बाहेकका उद्योग व्यवसायमा लगानी गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम लगानी गर्न साधारण सभाको सहमति आवश्यक हुनेछ ।

**२७. संरक्षित पूँजी फिर्ता कोष :**

(१) संरक्षित पूँजी फिर्ता कोषको रकम सदस्यहरुलाई बाँडफाँड गरी भुक्तानी गर्नका लागि संस्थासँग प्रत्येक सदस्यले गरेको कारोबारको लेखाको विवरणको आधारमा गर्ने ब्यवस्था मिलाउनु पर्नेछ ।

(२) उपभोक्ता सहकारी संस्था तथा अन्य उत्पादनमुलक सहकारी संस्थाको हकमा संस्थासंग गरेको खरिद विक्रि कारोवार र शेयर लगानीका अतिरिक्त गणना गर्नु पर्नेछ ।

**२८. लाभांश वितरण सम्बन्धि विशेष व्यवस्था :** सहकारी संस्थाले अघिल्लो वर्षको खुद संचित नोक्सान पुरा नभएसम्म सदस्यहरुलाई लाभांश बाँडन पाइने छैन। ऐनले तोकेभन्दा बढी हुने गरी कुनै पनि नाममा शेयर सदस्यलाई लाभांश बाँड्न पाइने छैन ।

## परिच्छेद -५

## संस्था खारेजी तथा एकीकरण

**२९. निष्कृय संस्था :**

(१) लगातार दुई वर्षदेखि वार्षिक साधारण सभा नगर्ने सहकारी संस्थाहरुको विवरण सार्वजनिक गर्ने व्यवस्था कार्यालयले मिलाउनु पर्नेछ ।

(२) नियमित रुपमा लेखापरीक्षण नगराउने, निर्धारित समयमा साधारण सभा सम्पन्न नगर्ने, सहकारीका मुल्य र सिद्धान्तहरु, प्रचलित ऐन, नियम र कार्यालयले जारी गरेको निर्देशन एवं मापदण्ड तथा विनियमको परिपालना नगरेसम्म त्यस्तो संस्थालाई घ्याङलेख गाउँपालिकाबाट उपलब्ध गराइने सेवा सुविधाहरु उपलब्ध गराइने छैन ।

(३) दुई वर्ष भन्दा बढी अवधिसम्म वार्षिक साधारण सभा नगर्ने संघ संस्थाहरु निष्कृय संघ संस्थाहरुको सूचिमा समावेश गरिनेछ । यस्तो सूचिमा परेकाहरुको सम्पत्ति र दायित्व नरहेको पाइएमा प्रक्रिया पुऱ्याई दर्ता खारेज गरिनेछ । सम्पति र दायित्व बाँकी देखिएमा संस्थाहरु विघटनको प्रक्रियामा लागिनेछ भने संघको हकमा अर्को कानुन सम्मत समिति निमार्ण गरी सम्पति र दायित्व व्यावस्थापन गराउनु पर्नेछ । संस्था खारेजी र विघटनको कार्य कार्यालयले प्रत्येक वर्ष अनिवार्य रुपमा गर्नु पर्नेछ ।

**३०. दर्ता खारेजीको जानकारी गराउने** : कार्यालयले सहकारी संस्थाहरुको दर्ता खारेजी र विघटनको जानकारी सम्बन्धित संघहरुलाई दिनु पर्नेछ ।

**३१. सहकारी संस्थाहरुको गुणात्मकता वृद्धि सम्बन्धि व्यवस्था :**

(१) एकै क्षेत्र वा स्थानमा एकै प्रकृतिका धेरै संस्थाहरु छन् भने त्यस्तो संस्थाहरुको एकीकरणलाई प्रोत्साहन गर्न एक गाउँपालिका भित्रका दुई वा दुईभन्दा बढी एकै प्रकृतिका सहकारी संस्थाहरु एकीकरण गर्न चाहने संस्थाहरुले साविकमा स्वीकृति पाई कारोवार गरिरहेका कार्यक्षेत्र गाभ्ने गरी एकीकरणको स्वीकृति दिन सकिनेछ ।

(२) गाउँपालिकाको कुनै टोल वा वडामा एकै प्रकृतिका धेरै सहकारी संस्था भई अस्वस्थ प्रतिस्पर्धा सिर्जना भएको वा अर्को सोही प्रकारको सहकारी संस्थाको विकासको सम्भावना नदेखिएमा त्यस्ता क्षेत्रमा संस्थाहरु एकीकरणलाई प्रोत्साहन गरी थप संस्था दर्ता कार्यलाई कार्यालयले रोक लगाउन सक्नेछ ।

## परिच्छेद-६
## लेखा परीक्षकले पालना गर्नु पर्ने मापदण्डहरु

**३२. लेखा परीक्षकले पालना गर्नु पर्ने मापदण्डहरु :**

(१) एक करोड रुपैयाँ भन्दा बढी वचत परिचालन गर्ने संस्थाको लेखापरीक्षण गर्दा अनिवार्य रुपमा अनुसुचि-४ बमोजिमको ढाँचामा घ्याङलेख गाउँपालिकामा लङफर्म लेखापरीक्षण प्रतिवेदन पेश गर्नु पर्नेछ :

(क) कार्यक्षेत्र बाहिर र गैर सदस्यसँग कारोवार गरे नगरेको, गरेको भए त्यस्ता व्यक्ति वा निकायहरुको संख्या र कारोवारको विवरण ।

(ख) वचत तथा ऋणको कारोवार गर्ने संघ संस्थाका PEARLS का आधारमा वित्तीय अवस्था ।

(ग) शेयर सदस्यहरुलाई शेयर लगानीको अठार प्रतिशतसम्म मात्र लाभांश बाँड्न पाइने प्रावधान विपरीत अन्य कुनै नामबाट थप रकम उपलब्ध गराए नगराएको, गराएको भए सो को विवरण स्पष्ट रुपमा उल्लेख गर्ने ।

(घ) अध्यक्ष वा समितिका अन्य पदाधिकारी र प्रमुख व्यवस्थापकले लिएको पारिश्रमिक तथा अन्य सुविधाहरु र सोको आधार ।

(ङ) अध्यक्ष वा समितिका अन्य पदाधिकारी र प्रमुख व्यवस्थापकले लिएको पेश्की रकम, पेश्की लिनुको उद्देश्य र पेश्की लिएको अवधि ।

(च) अध्यक्ष वा समितिका अन्य पदाधिकारी र प्रमुख व्यवस्थापकको नाममा रहेको ऋण रकम, व्याज दर , ऋणको किसिम, भुक्तानीको अवस्था र ऋण स्वीकृतिको प्रक्रिया ।

(छ) निजी कम्पनी वा फर्ममा गरिएको ऋण वा शेयर लगानी र त्यस्तो कम्पनी वा फर्मको धनी वा संचालकहरु एवं सहकारी संस्थाका संचालक समितिका पदाधिकारीहरु एकै भए नभएको विवरण ।

(ज) जगेडा कोषको व्यवस्था र उपयोग ।

(झ) ढुकुटी, कारोवार काउन्टर र मार्गस्थल नगदको विमा व्यवस्था भए नभएको, भएको भए सो को विवरण ।

(ञ) जोखिम कोषको व्यवस्था र जोखिममा रहेको लगानी ।

(ट) आन्तरिक नियन्त्रण पद्धति प्रभावकारी भए नभएको सो को आधार ।

(ठ) लेखा समितिको सक्रियता र प्रभावकारिता ।

(ड) लिने दिने व्याज दरको औसत स्प्रेडदर र लिने दिने व्याजको स्ल्याव अन्तर ।

(ढ) ऋण प्रवाहमा लिइएको सेवा शुल्कको दर र ऋण प्रवाहको काममा हुने खर्च सँगको तादम्यता ।

(ण) कुल ऋण तथा शेयर लगानी एवं सम्पत्ति खरिदको शीर्षकगत विवरण ।

(त) लगानीको सुरक्षणको अवस्था र धितोको अवस्था ।

(थ) नियमानुसार सरकारी राजस्व कट्टी र दाखिलाको अवस्था ।

(द) कार्यालयबाट गरिएको अनुगमन निरीक्षण प्रतिवेदन र सुझावहरुको कार्यान्वयनको अवस्था ।

(ध) साधारण सभा एवं अन्य बैठकको नियमितता ।

(२) उपदफा (२) बमोजिम दिइएको सुझाव र उपदफा (१) बमोजिमका मापदण्ड अनुसारका यर्थाथ विवरणहरु प्रतिवेदनले प्रकाश नपारेमा सोको लेखा परीक्षण गर्ने लेखा परीक्षकलाई नियमानुसार आवश्यक कारवाहीका लागि आरोपलाई पुष्ट्याँई गर्ने आवश्यक कागजात सहित नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थामा सम्बन्धित कार्यालय मार्फत उजुरी पठाइनेछ ।

(३) लेखा परीक्षकले लेखापरीक्षण समाप्त भएको पन्ध्र दिनभित्र लेखा परीक्षणको प्रारम्भिक प्रतिवेदन सम्बन्धित संस्थामा अनिवार्य रुपमा बझाउनु पर्नेछ ।

(४) लेखापरीक्षण गर्ने अधिकार प्राप्त बहालवाला कर्मचारी घ्याङलेख गाउँपालिकामा कार्यरत छ भने सहकारी संस्थाको लेखापरीक्षण गर्न निषेध गरिएको छ । अन्य कुनै इजाजत प्राप्त व्यक्ति वा फर्मको नामबाट काम गरेको पाइएमा सम्बन्धित कर्मचारीलाई विभागीय कारवाही हुनेछ साथै अनधिकृत व्यक्तिलाई काम लगाइएको पाइएमा सम्बन्धित व्यक्ति वा फर्मलाई नियमानुसार कारवाहीका लागि सम्बन्धित निकायमा नियमानुसार उजुरी गरिनेछ ।

(५) ऐन अनुसार लेखापरीक्षण स्वीकृत लिन अनुसुचि-५ बमोजिमको ढाँचामा निवेदन र संस्थाको वार्षिक विवरण अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । तोकिए बमोजिमको ढाँचामा वार्षिक विवरण नबुझाएमा लेखापरीक्षण स्वीकृति दिइने छैन ।

**३३. लेखापरीक्षकलाई नियमनकारी निकायले कारबाही गर्नु पर्ने :**

(१) दफा ४८ को उपदफा (२) बमाजिम कारवाहीका लागि उजुरी गरिएकोमा नेपाल चार्टर्ड एकाउण्टेण्टस् संस्थाले नियमानुसार त्यस्ता लेखापरीक्षकलाई कारवाही गरी सोको जानकारी कार्यालयलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समयावधि भित्र कारवाही नगरेमा त्यस्ता लेखापरीक्षकहरुलाई बढीमा तीन वर्ष सम्म कुनै पनि सहकारी संस्थाको लेखापरीक्षण गर्न नपाउने गरी कार्यालयले अभिलेख राख्नेछ ।

## परिच्छेद-७

## अनुगमन तथा कारवाही

### ३४. अनुगमन सम्बन्धी प्रक्रिया र जिम्मेवारी :

(१) कार्यालयले संस्थाको अनुगमन गर्दा अनुसुचि-६ मा उल्लेख भए बमोजिमको ढाँचाको फारम प्रयोग गर्नु पर्नेछ ।

(२) कार्यालयबाट संस्थाको निरीक्षण  गर्न आउने कर्मचारीले माग गरेका सम्पुर्ण विवरणहरु  उपलब्ध गराउनु संस्थाका पदाधिकारी एवं  सम्बन्धित कर्मचारीको कर्तव्य हुनेछ ।

(३) अनुगमनमा संग्लन कर्मचारी वा पदाधिकारीले सो को प्रतिवेदन सम्बन्धित कार्यालयमा काम सम्पन्न भएको मितिले सात दिन भित्र पेश गरिसक्नु पर्नेछ ।

(४) गम्भीर प्रकृतिका आर्थिक अनियमितता भएको पाइएमा अनुगमन कर्ताले चौविस घण्टा भित्र लिखित रुपमा प्रमुख प्रशासकीय अधिकृतलाई जानकारी गराउनु पर्नेछ ।

(५) प्राप्त अनुगमन प्रतिवेदनका आधारमा कार्यालयले सात दिनभित्र सुधारको प्रक्रिया अघि बढाउन सम्बन्धित संस्थालाई लिखित जानकारी दिनु पर्नेछ । सुधार प्रक्रियमा निर्देशनको रुपमा पत्राचार गर्ने वा जिम्मेवार पदाधिकारीहरु लाई कार्यालयमा उपस्थित गराई सुधारको कार्ययोजना लिने वा अटेर गरेमा कानुनी उपचार र मापदण्ड बमोजिमका कारवाही अघि बढाउने काम कार्यालयका प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी हुनेछ ।

(६) प्रत्येक महिनाको नियमित अनुगमन र कारवाहीको विवरण प्रमुख प्रशासकीय अधिकृतले महिना भुक्तान भएको सात दिन भित्र कार्यालयमा उपलब्ध गराउनु पर्नेछ ।

(७) कार्यालयले नियमित रुपमा अनुगमनको कार्य संचालन गर्नु पर्नेछ । कार्ययोजना बनाई एक सातामा कम्तिमा एक वटा संस्थाको अनुगमन कार्य सम्पन्न गर्नु पर्नेछ ।

(८) कर्मचारीले गर्ने अनुगमन र कारवाहीको प्रतिवेदनलाई कार्यसम्पादन मुल्यांकनको आधार बनाइनेछ ।

(९) अनुगमनमा खटिने कर्मचारीलाई प्रति संस्था प्रति टोलि रु दुई हजार एक मुष्ट उपलब्ध गराइनेछ ।

**३५. कारबाही सम्बन्धी प्रावधानहरु :** तथ्यपरक जानकारी प्राप्त भएमा वा अनुगमनको क्रममा पाइएका देहायका गम्भीर प्रकृतिका त्रुटीहरु वा अनियमित कारोबारका लागि देहाय बमोजिमको कारबाही हुनेछ :-

(क) अनुगमन कार्यमा सहयोग नगरेमा कारोवार रोक्का गरिनेछ ।

(ख) शेयर सदस्यहरुलाई नियमानुसार दिन सकिने लाभांश वाहेक अन्य रकम वितरण गरी अस्वस्थ्य प्रतिस्पर्धा गरेको पाईएमा लाभांश वाहेकको रकम संचालक समितिका पदाधिकारीहरुबाट दामासाहिका दरले असुल उपर गरी संस्थाको कोषमा दाखिला गराईनेछ ।

(ग) प्रमुख व्यवस्थापक वाहेक अन्य संचालकले नियमित पारिश्रमिक लिएको पाईएमा सो रकम असुल उपर गरि संस्थाको कोषमा दाखिला गराईनेछ । तोकिए बमोजिमको समय भित्र रकम दाखिल नगरेमा संस्थाले साँवा र व्याज समेत असुल उपर गर्नेछ ।

(घ) प्रमुख व्यवस्थापकको पारिश्रमिक निर्धारण गर्दा संचालक समितिबाट निर्णय गरी साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ । निर्णय र अनुमोदन सम्बन्धी विवरण पेश नगरेमा लिएको पारिश्रामिक नियमित वा असुल उपर गर्नु गराउनु पर्नेछ ।

(ङ) प्रचलित कानुन र कार्यालयबाट जारी मापदण्डहरु पालना नगरेको पाईएमा संस्थाले प्राप्त गर्ने सुविधाहरु रोक्का गरिनेछ ।

(च) कार्य क्षेत्र बाहिरका व्यक्तिलाई सदस्यता दिने तथा गैर सदस्यसँग कारोवार गर्ने संस्थाको बैक खाता रोक्का गर्ने, सार्वजनिक सुचना प्रकाशित गरी सर्वसाधारणलाई यस्ता संस्थासंग कारोवार नगर्न सजग गराउने, अनियमितता गरेको सुचना सार्वजनिक गर्ने र प्रचलित कानुन बमोजिम थप कारबाही गरिनेछ ।

(छ) निक्षेप वापत संकलित रकम कार्यालयको स्वीकृति नलिई अन्यत्र लगानी गरेको पाइएमा उद्देश्य विपरित काम गरेको कसुरमा प्रचलित कानून बमोजिम कारबाही गरिनेछ । यो मापदण्ड जारी भएको मितिले दुई वर्ष भित्र यस अघि गरिएको लगानी कार्य योजना बनाई क्रमश फिर्ता नगरे नगराए यस प्रकरण बमोजिमको कारवाही गरिनेछ ।

३६. **विज्ञापन मार्फत सदस्यता विस्तार गर्नमा प्रतिबन्ध :** संस्थाले सार्वजनिक रुपमा उपहार योजना राखी वा आकर्षक विज्ञापन गरी शेयर बिक्री, बचत संकलन र ऋण प्रवाह गर्न पाइने छैन । यस मापदण्ड को प्रतिकुल हुने गरी विज्ञापन वा सुचना वा दृश्य सामाग्री प्रकाशन वा प्रसारण गरेमा प्रचलित कानुन बमोजिम ठगीको कसुरमा कारवाही हुनेछ । तर संस्थाको महत्वपूर्ण निर्णय, विषय र गतिविधिका बारेमा सदस्यहरु तथा आम नागरिकलाई जानकारी गराउन सूचना तथा श्रव्य दृश्य प्रकाशन तथा प्रशारण गर्न यस दफाले वाधा पुऱ्याएको मानिने छैन । सहकारी सम्बन्धि जनचेतना अभिवृद्धि हुने गरी प्रशारण वा प्रकाशन गर्ने सहकारी जागरण सम्बन्धी नियमित पत्रपत्रिका, रेडियो र टेलिभिजनका कार्यक्रम संचालनमा सहयोग र सहकार्य गर्न बाधा पर्ने छैन ।

३७ **कारोवार रोक्का राख्न सकिने :** सहकारी सिद्बान्त, सहकारी ऐन, नियम, कार्यालयबाट जारी यो मापदण्ड, परिपत्र र कार्यालयले दिएको निर्देशन पालना नगर्ने संस्थाको खाता र कारोवार रोक्का राख्न सकिनेछ ।

**३८. ठगीमा कारवाहीका लागि प्रहरीमा लेखी पठाईले** : देहायका कुनै कार्य वा कार्यहरुलाई ठगी प्रकरणका रुपमा लिई संचालक समितिका पदाधिकारीहरु र व्यवस्थापकलाई कार्यालयले कारवाहीका लागि प्रहरी समक्ष लेखी पठाउनु पर्नेछ ।

(क) गैर सदस्यसँग कारोवार गरेमा वा सदस्यनै नबनाई कारोवार गरेमा ।

(ख) कार्य क्षेत्र बाहिरका व्यक्ति वा निकायलाई सदस्य बनाएमा ।

(ग) यो मापदण्ड जारी भए पछि मापदण्ड विपरीत बचत निक्षेपको रकम नीजि व्यवसायमा लगानी गरेमा ।

(घ) निजी प्रयोजनका लागि अनधिकृत रुपमा संचालकहरुले कोषको अपचलन गरेमा ।

(ङ) साधारण सभा नबोलाई र निर्वाचन प्रक्रिया पुरा नगरी आफुखुशी संचालक वा लेखा समितिको पदाधिकारी थपघट गरेमा ।

(च) सम्बन्धित निकायबाट इजजाजत लिइ मात्र गर्नु पर्ने कार्य वा कारोवार इजाजत नलिइ संचालन गरेमा ।

(छ) पटक पटक भ्रम सिर्जना हुने आकर्षक विज्ञापन/सूचना मार्फत सदस्य विस्तार वा कारोवार बढाउने काम गरेमा ।

(ज) एकै प्रकृतिका एक भन्दा बढी संस्थाको पदाधिकारी भई काम गर्ने गरेको पाइएमा ।

(झ) अनधिकृत रुपमा संस्थाको कारोबारमा संलग्न रहेको पाइएमा ।

(ञ) कार्यक्षेत्र बाहिर बसोबास गर्ने व्यक्ति संस्थाको संचालक समिति वा लेखा समितिको पदाधिकारी भएको पाइएमा ।

## परिच्छेद-८

## विविध

**३९. आचारसंहिंता सम्बन्धि व्यवस्था :**

(१) संस्थाले सहकारी मुल्य र सिद्धान्तहरु एवं प्रचलित सहकारी ऐन तथा नियमावली, मापदण्ड तथा विनियमावलीमा आधारित भै संस्थाको पदाधिकारी र सदस्यहरुले पालना गर्नु पर्ने आचारसंहिता तयार गरी लागू गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम लागू भएको आचारसहिंता संस्थाका पदाधिकारी र सदस्यहरुले अनिवार्य रुपमा पालना गर्नु पर्नेछ ।

(३) आचार संहितामा उल्लेख नभएमा पनि देहायका मापदण्डहरुको पालना गर्नु प्रत्येक व्यक्तिको दायित्व हुनेछ :-

(क) एक व्यक्तिको कुनै एक संस्थाको मात्र संचालक समितिको अध्यक्ष भई काम गर्न सक्नेछन । माथिल्लो वा अन्य प्रकृतिको संस्थाको अध्यक्षमा निर्वाचित भए पछि अघिल्लो पदको जिम्मेवारी वहन गर्न पाइने छैन ।

(ख) संस्थाका पदाधिकारीहरु अन्य सोही प्रकृतिका कुनै पनि संस्थाको पदाधिकारीमा बहाल रहन पाउने छैन । एक भन्दा बढी संस्थाको पदाधिकारी भएको पाइएमा संस्थाले त्यस्ता पदाधिकारीलाई तत्कालै निलम्वन गरी सम्बन्धित कार्यालयमा जानकारी पठाउनु पर्नेछ ।

**४०. सहकारी संस्थाको कार्यालय सम्बन्धि व्यवस्था :**

(१) संस्थाको कार्यालय तोकिएको कार्यक्षेत्र भित्र स्थापना गर्नु पर्नेछ ।

(२) कार्यालयको स्थापना बढी शेयर सदस्यहरु बसोबास गर्ने क्षेत्रमा गर्नु पर्नेछ ।

(३) एकै प्रकृतिको संस्थाको कार्यालय रहेको भवन वा घरमा अर्को संस्थाको कार्यालय स्थापना गर्न पाइने छैन । एउटै भवन वा घरमा एकभन्दा बढी एकै प्रकृतिको संस्थाहरुको कार्यालय भएमा पछि खोलिएको संस्थाको कार्यालय अन्य उपयुक्त ठाउँमा सार्न कार्यालयले निर्देशन दिन सक्नेछ ।

(४) संस्थाको कार्यालय स्थापना गरेको सातदिन भित्र कार्यालयको निरीक्षण गर्न सम्बन्धित सहकारी कार्यालयलाई लिखित रुपमा जानकारी गराउनु पर्नेछ ।

(५) संस्थाको कार्यालय सार्नु पर्दा सम्बन्धित कार्यालयको अग्रिम स्वीकृति लिई मात्र सार्न सकिनेछ । कार्यालय सरेको सार्वजनिक रुपमा जानकारी गराउन

उपयुक्त संचार  माध्यमको उपयोग गर्नु पर्नेछ । कार्यालय स्थापना भएको स्थान वा कार्यालय सरेको स्थानका बारेमा सम्बन्धित सबै सरकारी कार्यालयहरुलाई लिखित रुपमा सात दिन भित्र जानकारी गराउनु पर्नेछ ।

**४१. साइन बोर्ड राख्ने सम्बन्धि व्यवस्था :**

(१) प्रत्येक संस्थाले दर्ता प्रमाणपत्रमा उल्लेख भए बमोजिम संस्थाको नाम, दर्ता नम्बर, दर्ता मिति, भौगोलिक कार्यक्षेत्र र दर्ता भएको कार्यालयको नाम समेत खुलाई नेपाली भाषा देवनागरी लिपिमा साईन वोर्ड लेखी संस्थाको कार्यालयलमा सबैले देख्ने ठाउँमा राख्नु पर्नेछ ।

(२) सहकारीको साइन बोर्डमा एकरुपता ल्याउनको लागि राष्ट्रिय सहकारी संघले निर्णय गरे अनुरुप साइन बोर्डको रंग हल्का हरियोमा सेतो अक्षरले लेखिएको हुनु पर्नेछ ।

**४२. सदस्य वडापत्र सम्बन्धि व्यवस्था :** संस्थाको कार्यालयमा सबैले देखिने गरी सदस्य वडापत्र राख्नु पर्नेछ ।

**४३. माासिक विवरण अध्यावधिक रुपमा राख्ने र कार्यालयमा पठाउने**

(१) कम्प्युटरमा अभिलेख राख्ने गरेका संस्थाहरुले आर्थिक तथा प्रशासनिक अभिलेखहरु मासिक रुपमा मुद्रण गरी प्रमाणित गरी राख्नु पर्नेछ । मासिक कारोवारको विवरण सदस्यहरुको जानकारीको लागि संस्थाको कार्यालयमा प्रकाशित गर्नु पर्नेछ ।

(२) वार्षिक  एक करोड भन्दा बढी बचत  तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाहरुले अनुसुची-६ बमोजिमको ढाँचामा प्रत्येक महिना भुक्तान भएको मितिले सातदिन भित्र सम्बन्धित कार्यालयमा विवरण पेश गर्नु पर्नेछ । समयमै विवरण दाखिला नगर्ने संस्थालाई प्रचलित कानुन बमोजिम पटकै पिच्छे रु पैतीस सय रुपैयाँ सम्म जरिवाना गरी सोको अभिलेख राख्ने र सोको सुचना सार्वजनिक गर्ने कार्य कार्यालयले गर्नेछ ।

४४. **PEARLS अनुगमन विधि अनुसार खाता राख्नु पर्ने** : कार्यालयबाट बचत तथा ऋणको कारोवार गर्ने संस्थाको अनुगमन गर्दा PEARLS (Protection, Effective Financial Structures, Assets Quality, Rates of Return and Cost, Liquidity/Sign of Growth ) को अनुगमन विधि अवलम्बन गरिनेछ । एक करोड भन्दा बढीको वार्षिक कारोवार गर्ने बचत तथा ऋणको कारोवार गर्नेले वित्तीय कारोवारको लेखा PEARLS अनुगमन विधि सँग तालमेल हुने गरी राख्ने व्यवस्था मिलाउनु पर्नेछ । यस कार्यका लागि लेखा राख्ने कर्मचारीलाई अनिवार्य रुपमा यस विधिको अभ्यास गर्ने गराउने वा तालिम दिने व्यवस्था मिलाउनु पर्नेछ ।

४५ **सुचना प्रशारण गरिने :** कुनै संस्थाका समिति, पदाधिकारी वा कर्मचारीले प्रचलित कानुनबाट जारी गरिएको यो मापदण्ड वा थप निर्देशन, स्वीकृत विनियम र सहकारीका सिद्धान्त र मुल्यहरु विपरीतका काम कारवाही गरेको पाइएमा सोको विवरण सहित संचालकलाई समय सीमा सहित काम कारवाही र कारोवार सच्याउन कार्यालयले दिएको निर्देशन कार्यान्वयन नभएमा कार्यालयले सोको सूचना संचार माध्यमबाट सम्बन्धित सबैलाई जानकारी गराई सुचित वा सचेत गराउन सक्नेछ ।

४६. **सम्पत्ति खरिद विक्री गर्दा पारदर्शिता अपनाउनु पर्ने :** सहकारी संस्थाले अचल सम्पत्ति खरीद गर्दा साधारण सभाको निर्णय, निर्धारित खरीद बिक्रि प्रक्रिया, घटाघट वा बढाबढको प्रक्रियाबाट संस्थालाई बढी फाइदा हुन सक्ने अवस्था र सदस्यहरुको गुनासो नआउने गरी पारदर्शीताको प्रणाली अबलम्बन गर्नु पर्नेछ । संस्थाले घर जग्गा लगाएत अचल सम्पत्ति खरीद बिक्री गर्दा पारदर्शी प्रक्रिया अवलम्बन गरे नगरेको साथै प्रचलित मुल्यबाट घटी बढी गरी संस्थाको अहीत गरे नगरेको वारेमा अनुगमन गरी कर्यालयले आवश्यक निर्देशन दिन सक्नेछ । संस्थाले अचल सम्पत्ति खरिद गर्दा कार्यालयको पुर्व स्वीकृति लिनु पर्नेछ ।

४७. **रजिष्टेशन छुट सम्बन्धि व्यवस्था :**

(१) संस्थाले आफ्नो प्रयोजनको लागि घर जग्गा खरिदमा रजिष्ट्रेशन शूल्क छुट सुबिधाको सिफारिस माग गर्दा स्रोतको आधार खुलाई माग गर्नु पर्नेछ । कार्यालयले जारी गरेको मापदण्ड, कार्यालयको निर्देशन र सहकारीको मुल्य र सिद्धान्तहरुको पालना नगरेको पाइएमा यस्तो सुविधा उपलब्ध गराइने छैन । बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाको हकमा जगेडा कोषको पचास प्रतिशत पूँजिको अनुपात १:१० कायम गरी थप पुँजि भए नभएको विवरण प्रमाणित हुने लेखा परिक्षण प्रतिवेदन र हालको कारोवार खुल्ने कागजात, प्रचलित मुल्य प्रमाणित हुने कागजात, संचालक समितिको निर्णय र यस अघि छुटसुबिधा लिई खरिद गरेको घर जग्गाको विवरण पेश गर्नु पर्नेछ । छुट सुबिधा लिई खरिद गरिने घर जग्गा संस्थाको कार्यलय, पसल, गोदाम र मेशिनरी जडान एवं प्रमुख उद्देश्य अनुरुपको काम गर्ने प्रयोजनका लागि मात्र हुनेछ । उद्देश्य विपरीतको कार्यमा छुट सुविधामा खरीद गरिएको सम्पत्तिको प्रयोग गरिएको पाइएमा छुट भएको राजस्व सरकारी बाँकी सरह असुल उपर गर्न सम्बन्धीत निकायमा लेखी पठाइने छ।

**४८. संस्था संचालन अघि सहकारी सम्बन्धि अभिमुखीकरण तालिम लिनु पर्ने :**

(१) संस्था दर्ता प्रमाणपत्र प्राप्त गर्नु पूर्व संस्था दर्ताका लागि आवेदन गर्ने शेयर सदस्यहरुलाई सहकारी सम्वन्धि अभिमुखीकरण तालिम दिई सो को प्रमाण पेश गर्नु पर्नेछ ।

(२) उपदफा (२) बमोजिमको तालिमको व्यवस्था कार्यालयले तोकेको पाठ्यक्रमका आधारमा संचालन गरिनेछ । अभिमुखिकरण तालिमको खर्च प्रस्तावित संस्थाले व्यहोर्नु पर्नेछ ।

(३) संस्था दर्ताको लागि आवेदन गर्ने कम्तिमा असी प्रतिशत शेयर सदस्यहरुले अनिवार्य रुपमा यस्तो अभिमुखीकरण तालिम लिएको हुनु पर्नेछ। पिछडिएको क्षेत्र, समुदाय र गरिब व्यक्तिहरुका लागि कार्यालयले स्वीकृत बजेटका

आधारमा प्रत्येक महिनामा कम्तीमा एक पटक अभिमुखीकरण तालिम संचालन गर्न प्रशिक्षक, र तालिम कक्षको खर्च वहन गर्ने व्यवस्था गर्नेछ ।

(४) संस्थाहरुले शिक्षा, सुचना र तालिम कोषको उपयोग गरी नियमित रुपमा सहकारी शिक्षा सम्बन्धि ज्ञान शेयर सदस्यहरुलाई उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

(५) वार्षिक एक करोड भन्दा वढीको कारोवार गर्ने बचत तथा ऋृण सहकारी संस्था र बचत तथा ऋृणको कारोवार गर्ने बहुउद्देश्यीय सहकारी संस्थाका संचालक समिति र लेखा समितिका कम्तीमा पचास प्रतिशत पदाधिकारीहरुले यो मापदण्ड जारी भएको छ महिनाभित्र संस्था व्यवस्थापन, सहकारी लेखापालन र लेखापरीक्षण सम्बन्धि तालिम लिनु पर्नेछ । संचालक समिति र लेखा समितिको नयाँ निर्वाचन भएको तीन महिनाभित्र पालै पालो यसअघि तालिम नलिएका पदाधिकारीहरुलाई उपरोक्त तालिम लिने व्यवस्था संस्थाले मिलाउनु पर्नेछ ।

**४९. कर्मचारी सम्बन्धि व्यवस्था :**

(१) कर्मचारी भर्ना गर्नुपर्ने संस्थाले संगठन र व्यवस्थापन सर्वेक्षणका आधारमा साधारण सभाको स्वीकृतिमा कर्मचारी पद, संख्या र सगंठनको ढाँचा निर्धारण गर्नुपर्नेछ ।

(२) कर्मचारी प्रशासन सम्बन्धि नियमावली साधाण सभाबाट पारित गराई मात्र लागु गर्न सकिनेछ । कर्मचारी प्रशासन सम्बन्धि नियमावली अनुसार मात्र भर्ना, नियुक्ति, बढुवा, दण्ड-सजाय र पुरस्कृत, सुबिधाहरु र अवकांश आदि सम्बन्धि काम गर्न सकिनेछ । नियमावलीको व्यावस्था नगरी वा नियमावली विपरीत गरिएको कर्मचारी प्रशासन सम्बन्धी कार्यलाई कार्यालयले खारेज गर्न सक्नेछ ।

(३) संस्थामा आवश्यक पर्ने कर्मचारीहरु स्थायी वा करारमा नियुक्ती गर्दा नियमावलीमा व्यवस्था भएको प्रक्रया पुऱ्याएर मात्र गर्न सकिनेछ ।

(४) संस्थाले आवश्यक संख्यामा मात्र कर्मचारी नियुक्ति गर्नु पर्नेछ । प्रचलित कानुन बमोजिम नियुक्ति पत्र नदिई कुनै कर्मचारीलाई काममा लगाउन पाईने छैन ।

**५०. सम्पति अन्य व्यक्ति वा निकायको नाममा राख्न नहुने :** संस्थाको सम्पत्तिहरु आफ्नै नाममा राख्नु पर्नेछ। सम्पत्तिहरु व्यक्ति वा अन्य कुनै निकायको नाममा राखेको पाइएमा जालसाजी वा ठगी गरेको अभियोगमा सम्बन्धित पदाधिकारी र निर्णयमा सहभागी पदाधिकारीहरुलाई कारावही गरिनेछ।

**५१. नगद मौज्दातको सुरक्षित व्यवस्थापन गर्नु पर्ने :**

(१) वचत तथा ऋणको कारोवार गर्ने प्रत्येक संस्थाले आफ्नो कार्यालयमा रहने न्युनतम नगद मौज्दात, मार्गस्थल नगद र कारोवार काउन्टरको विमा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विमा गरिएको भन्दा बढी रकम कार्यलयमा मोज्दात राख्न पाइने छैन ।

(३) नगद रकम बैकंमा जम्मा नगरी नगदै कारोवार गर्ने र कुनै संचालक वा शेयर सदस्य वा कर्मचारीले प्रयोग गर्न पाइने छैन ।

**५२. बचत तथा ऋणको वित्तीय कारोवार गर्ने संस्थाले गर्न नहुने कामहरु :**

(क) वासलत वाहिरको कारोवारहरु ( जस्तै प्रतितपत्र, जमानत आदि )।

(ख) सदस्यहरुलाई अधिविकर्ष (Overdraft) कर्जा प्रवाह ।

(ग) व्यापारिक उद्देश्यले घर जग्गाको खरिद विक्रि तथा संचालकहरुको लगानीमा खोलिएको निजी उद्योग व्यववसायमा लगानी ।

(घ) स्पष्ट नीति अनुसार गरिने लघु कर्जा कार्यक्रम बाहेक बिना सुरक्षणमा कर्जा प्रवाह ।

(ङ) सुनचाँदी र शेयर प्रमाणपत्र धितो राखी कर्जा प्रवाह ।

(च) चल्ति खाता संचालन गर्ने ।

(छ) एकमुष्ट तीन वर्षभन्दा बढी अवधिको आवधिक निक्षेप स्वीकार गर्ने ।

(ज) विदेशी मुद्राको कारोवार वा मुद्रा विनिमय ।

(झ) चिठ्ठा तथा उपहार योजना संचालन ।

(ञ) कार्यक्षेत्र बाहिरका र सदस्य बाहेकका व्यक्ति तथा निकायसँगको कारोवार ।

**५३. सम्पत्ति शुद्धीकरण निवारण ऐन नियमको कार्यान्वयन :**

(१) वित्तिय कारोवार गर्ने सहकारीका संस्थाले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन र नियमावलीमा भएका व्यवस्थाहरु अनिवार्य रुपमा पालना गर्नु गराउनु पर्नेछ ।

(२) वित्तिय कारोवार गर्ने संस्थाले आफ्नो प्रत्येक सदस्यको स्पष्ट रुपमा अभिलेख राख्नु पर्नेछ ।

(३) नेपाल राष्ट्र बैंक, वित्तिय जानकारी इकाइमा पठाउनु पर्ने विवरण नियमित र निरन्तर रुपमा पठाउने व्यवस्थाका लागि प्रत्येक वित्तिय कारोवार गर्ने सहकारी संस्थाले संचालक समितिको निर्णय बमोजिम कार्यान्वयन अधिकृत तोक्नु पर्नेछ ।

(४) यस सम्बन्धमा सम्बन्धित निकायले गर्ने अनुसन्धान वा माग गरेका विवरणहरु उपलब्ध गराई नियमन गर्ने कार्यमा सहयोग गर्नु सबै संस्थाको कर्तव्य हुनेछ ।

**५४. संस्थाहरुको वर्गीकरण सम्बन्धि व्यवस्था :** कार्यालयले संस्थाहरुको शेयर पुँजि, बचत रकम, कारोवार, रोजगारी, मुनाफा र सदस्य संख्याको आधारमा वर्गीकरण गर्न सक्नेछ ।

**५५. संस्था एकीकरण सम्बन्धि व्यवस्था :** सहकारी ऐन, २०७४ को दफा ४५ बमोजिम दुई वा दुईभन्दा बढी संस्थाको एकीकरण गर्दा देहाय बमोजिमको प्रकृया अपनाउनु पर्नेछ ।

(१) एकीकरण हुन चाहने सम्बन्धित संस्थाको साधारण सभाको दुई तिहाइ बहुमतबाट संस्था एकिकरण गर्ने सम्बन्धमा निर्णय गर्ने र निर्णयमा देहायका विषयहरु समावेश हुनु पर्नेछ ।

(क) एकिकृत संस्थाको नाम एकिकृत हुने संस्था मध्ये कुन संस्थाको नाम राख्ने हो वा नयाँ नाम के राख्ने हो सो को उल्लेख गर्ने र संस्थाको कार्यालय कहाँ रहने हो ठेगाना समेत उल्लेख गर्ने ।

(ख) एकीकृत संस्थाको कार्य क्षेत्र कति रहने हो सो यकीन गर्ने । कार्य क्षेत्र एकिन गर्दा मापदण्ड रहेको व्यवस्थाको अनुसरण गर्ने ।

(ग) कुन कुन संस्थासँग एकीकरण गर्ने हो सो उल्लेख गर्ने ।

(घ) कुन संस्थाको विनियम स्वीकार गर्ने हो वाय नयाँ विनियम तर्जुमा गर्ने वा कुनै विनियममा संशोधन गर्ने हो उल्लेख गर्ने ।

(ङ) सम्बन्धित संस्थाको शेयर पूँजिको रकम, विनियममा व्यवस्था भए बमोजिमका कोषमा रहेको रकममा एकीकृत संस्थामा के कसरी समावेश गर्ने र उपयोग गर्ने तरिका (जस्तै : एकीकृत हुने संस्थाहरुको शेयर पूँजिको रकम र संस्थाको विभिन्न कोषमा रहेको रकम तथा सदस्य संख्या सामान्यतया असमान हुन्छ ।)

(च) संस्थाको सम्पत्ति एकीकृत संस्थामा के कसरी प्रयोग गर्ने र दायित्वहरु के कसरी भुक्तानी गर्ने सो सम्बन्धी विषय ।

(छ) अन्य आवश्यक विषय ।

(२) एकीकरण हुने संस्थाहरुको अघिल्लो आर्थिक वर्षसम्मको लेखा परीक्षण साधारण सभाबाट अनुमोदन गराएको हुनु पर्नेछ र चालु आर्थिक वर्षको कारोवारको आन्तरिक लेखा परीक्षण गरी सो को प्रतिवेदन समेत तयार गर्नु पर्नेछ ।

(३) उपदफा (१) मा उल्लेख भए बमोजिमका विषयहरु समावेश भएको सम्बन्धित संस्थाको साधारण सभाको निर्णयको प्रमाणित प्रतिलिपि सहित कार्यालयमा आवेदन गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम संस्था एकिकरणका लागि आवेदन परेमा प्रमुख प्रशासकीय अधिकृतले जाचँबुझ गरी संस्थाको एकिकरण गरी दिने र मुल

संस्थाको दर्ता कायम राखी अन्य संस्थाको लगत कट्टा गर्ने । एकिकृत संस्थाको विनिमयमा “एकिकृत हुने संस्थाको नामबाट भए गरेका काम कारवाही यस विनियम बमोजिम भए गरेको मानिने” प्रावधान राख्ने ।

**५६. संस्था विभाजन सम्बन्धि व्यवस्था :** सहकारी ऐन, २०७४ को दफा ६५ बमोजिम एक संस्था दुई वा दुई भन्दा बढी संस्थाहरुमा विभाजन गर्दा देहाय बमोजिमको प्रक्रिया अपनाउनु पर्नेछ ।

(१) विभाजन हुन चाहने सम्बन्धित संस्थाको साधारण सभाको दुई तिहाई बहुमतबाट संस्था विभाजन गर्ने सम्बन्धमा निर्णय गर्ने ।

(२) साधारण सभाबाट संस्थाको विभाजन सभाबाट संस्थाको विभाजन गर्ने निर्णय गर्दा देहायको विषय खुलाउनु पर्नेछ ।

(क) कति जना सदस्यहरु संस्थाबाट अलग हुने हुन सो को नाम नामेसी र निजहरुले लिएको शेयर रकमको विवरण ।

(ख) सस्थाको विनियम बमोजिमका कोषहरुका छुट्टाइएको रकमको बाडँफाँड सम्बन्धि विवरण ।

(ग) संस्थाको नाफा नोक्सानको बाँडफाँड सम्बन्धि विवरण ।

(घ) सस्थाको सम्पत्ति तथा दायित्व बाँडफाँड सम्बन्धि विवरण ।

(ङ) अन्य आवश्यक विवरण ।

(३) उपदफा (१) बमोजिमका विवरण समावेश भएको साधारण सभाको निर्णयको प्रमाणित प्रतिलिपि र उपदफा(२) बमोजिमको प्रतिवेदन समेत संलग्न गरी कार्यालयमा नयाँ संस्था दर्ताको लागि आवेदन पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम संस्था दर्ताका लागि आवेदन परेमा संस्था दर्ता गर्दा अपनाउनु पर्ने प्रकृया पुरा गरी सहकारी कानुन तथा निर्देशनको अधिनमा रही नयाँ संस्था दर्ता गरिदिने । त्यसरी दर्ता गर्दा सो संस्था मुख्य संस्थाबाट विभाजित भएको पहिचान खुल्ने व्यवस्था गर्ने ।

**५७. सहकारीका सिद्धान्त र मुल्य :** अन्तर्राष्ट्रिय सहकारी महासघंले प्रतिपादन गरेको र विश्वव्यापी रुपमा प्रयोगमा ल्याइएका सहकारीका सिद्धान्त र मूल्यहरुको पालना गर्नु सबै संस्थाका निर्वाचित तथा नियुक्त पदाधिकारीहरु एवं प्रत्येक सदस्यहरुको प्रमुख कर्तव्य हुनेछ। सहकारीका सिद्धान्त र मुल्यहरुको प्रयोगका लागि निरन्तर रुपमा आफ्ना सदस्यहरुलाई जानकारी दिने गरी सचेतनाका कार्यक्रमहरु संचालन गर्नु सहकारीका जिम्मेवार पदाधिकारीहरुको जिम्मेवारी हुनेछ । अन्तर्राष्ट्रिय सहकारी महासघंले प्रतिपादन गरेका सहकारीका सिद्धान्त र मुल्यहरु अनुसुचि-९ मा उल्लेख गरिएको छ।

घ्याङलेख गाउँपालिका

**अनुसुचि-१**

**(दफा ९ सँग सम्बन्धित)**

**उम्मेदवारी दरखास्त**

विषय : उम्मेदवारी दर्ता गरि दिने ।

श्री निर्वाचन अधिकृत

निर्वाचन उपसमिति.......................................।

......................................को सञ्चालक/लेखा समितिको................पदमा निर्वाचित भई संस्थाको सेवा गर्ने इच्छा भएकोले मिति.................मा सम्पन्न हुने निर्वाचनमा उम्मेदार बन्न यो दरखास्त पेश गरेको छु । म बाहेक यस संस्थाको संचालक र लेखा समितिको कुनै पनि पदमा मेरा नातेदार उम्मेदवार नभएको, म यस प्रकृतिको संचालक अन्य कुनै संस्थाको संचालक र लेखा समितिको पदमा कार्यरत नरहेको, यस संस्थामा मैले निरन्तर रुपमा मिति.................देखि सदस्य भई हालसम्म संस्थाको नीति कार्यक्रम अनुसार सदस्यको जिम्मेवारी इमान्दारी पुर्वक निर्वाह गरिआएको, सस्थाको भाखा नाघेको साँवा व्याज भुक्तान गर्न र म्याद भुक्तान भएका बुझाउन बाँकी कुनै रकम नरहेको, हाल पनि संस्थाले कारोवार गर्न अनुमति प्राप्त गरेको भौगोलिक क्षेत्रमा स्थायी बसोबास रहेको, बैंक तथा बित्तिय कारोबारमा कालो सुचिमा नाम नपरेको र सहकारीको प्रचलित कानुन तथा सहकारीका विश्वव्यापी मान्यता प्राप्त मुल्य र सिद्धान्तका बारेमा म जानकार रहेको हुँदा मेरो उम्मेदारी स्वीकृत गरिदिनु हुन समेत अनुरोध गर्दछु। सहकारी ऐन, नियमबाट जारी मापदण्ड र संस्थाको विनियम विपरीत मेरो उम्मेदारी भएमा सोही बमोजिम उम्मेदवारी खारेज भएमा मेरो कुनै आपत्ति छैन ।

**निवेदक**

दस्तखतः

उम्मेदवारको नाम थर :

ठेगाना र सम्पर्क फोन नम्बर :

मतदाता क्रम संख्या :

प्रस्तावक

दस्तखतः

प्रस्तावकको नाम थर :

मतदाता क्रम संख्याः

समर्थक

दस्तखत :

समर्थकको नाम थरः

मतदाता क्रम संख्याः

यो दरखास्तपत्र मितिः.....................का दिन..............बजे

श्री...........................

ले मेरो समक्ष प्रस्तुत गर्नु भएको व्यहोरा प्रमाणित गर्दछु ।

दस्तखत :

निर्वाचन अधिकृत

घ्याङलेख गाउँपालिका

## अनुसुची-२

### (दफा ११ (४) सँग सम्बन्धित)

### लेखा समितिको वार्षिक प्रतिवेदन

सहकारी संस्थाको नाम, ठेगाना.................... आ.व...............

१ अघिल्लो साधारण सभाको निर्णयहरुको कार्यान्वयको अवस्था :

२ आ.व ...............मा वसेको बैठक संस्था निर्णयहरु र निर्णयहरुको कार्यान्वयनको अवस्था :

३ ऋण लगानीको प्रक्रिया, ऋण वापतको सुरक्षण वा धितो सम्बन्धी संक्षिप्त विवरण :

४ कार्यालयबाट जारी गरिएका मापदण्डहरुको पालना सम्बन्धी संक्षिप्त विवरण :

५ कार्यालयले अनुगमन गरी दिइएको प्रतिवेदन अनुसारका निर्देशन/सुझावहरु कार्यान्वयन सम्बन्धी विवरणहरु :

६ पदधिकारीहरुको पारिश्रामिक, भत्ता र अन्य सुबिधाहरुको विवरण :

६.१ पारिश्रमिक:

६.२ भत्ता :

६.३ अन्य सुविधाहरु :

७. कर्मचारी प्रशासन सम्बन्धी व्यवस्थाहरु :

७.१ साधारण सभाबाट पारित कर्मचारी प्रशासन सम्बन्धी नियमावली भए/नभएको

७.२ कर्मचारी प्रशासन नियमावली प्रयोगमा ल्याइएको/नल्याइएको :

७.३ भर्ना प्रक्रिया पारदर्शिता र प्रतिस्पर्धी भएको/नभएको :

७.४ कार्यरत कर्मचारीहरु र कार्यबोझ बीच तादम्यता रहेको/नरहेको :

७.५ व्यवस्थापन प्रमुखको योग्यता र क्षमता सम्बन्धी विवरण :

७.६ कर्मचारीहरुको भर्ना प्रक्रिया र संख्या :

७.६.१ स्थायी :

७.६.२ अस्थायी :

७.६.३ करार :

८. लेखा समितिले यस अघि दिइएको प्रतिवेदन बमोजिमका सुझावहरुको कार्यान्वयनको अवस्था :

९. लेखा समितिले उल्लेख गर्न चाहेका अन्य विवरणहरु :

१०. लेखा समितिको सुझावहरु :

१०.१

१०.२

लेखा समितिको संयोजक ..............................दस्तखत

लेखा समितिको सदस्य..............................दस्तखत

लेखा समितिको सदस्य..............................दस्तखत

घ्याङलेख गाउँपालिका

# अनुसूचि-३

## (दफा १९(७)सँग सम्बन्धित)

## सहकारी संस्था दर्ता गर्दा पालना गर्नु पर्ने प्रावधानहरु

सहकारी ऐन, २०७४ को दफा …………को प्रयोजनका लागि सरोकारवालाहरुले संस्था दर्ताका लागि पेश गरेका कागजातमा देहायका कुराहरु उपर विचार गरी प्रमुख प्रशासकीय अधिकृत वा निजबाट अधिकार प्राप्त अधिकारीले दर्ता स्वीकार गर्न सक्नेछ । दरखास्त साथ निर्दिष्ट प्रक्रिया पुग्नको लागि निम्न कागजातहरु संलग्न भएको हुनु पर्नेछ :-

१. प्रस्तावित संस्थाको तदर्थ समितिको अध्यक्षले दस्तखत गरेको तोकिएको ढाँचाको रु दश को टिकट टांस भएको निवेदन ।

२. प्रस्तावित संस्थाको दुई प्रति सक्कलै विनियम । विनियमको प्रत्येक पृष्ठको शिर र पुछारमा तदर्थ संचालक समितिका प्रत्येक पदाधिकारीले सही गरेको हुनु पर्नेछ ।

३. तर्दथ संचालक समितिका पदाधिकारीहरुले प्रत्येक पृष्ठमा हस्ताक्षर गरेको प्रस्तावित संस्थाको दुई प्रति कार्ययोजना ।

४. प्रथम र दोश्रो प्रारम्भिक भेलाले गरेको निर्णयको तदर्थ समितिको अध्यक्षले प्रमाणित गरेका प्रतिलिपिहरु एक एक प्रति ।

५. संस्थाको हकमा आवेदन गर्ने ऐनमा उल्लेख भए बमोजिमको संख्यामा व्यक्तिहरुको तिनपुस्ते विवरण र हस्ताक्षर संलग्न भएको निर्धारित ढाँचाको विवरण ।

६. संस्था दर्ता सम्बन्धी कार्य गर्न अधिकार प्राप्त व्यक्तिको दस्तखत नमुना सहित आवेदक सबैले हस्ताक्षर गरेको सक्कल अधिकारपत्र ।

७. प्रारम्भिक भेलाको निर्णय अनुसार शेयर र प्रदेश शुल्क वापत उठेको रकम तदर्थ समितिको कुनै पदाधिकारीको नाममा नजिकको कुनै बैंकमा जम्मा गरेको भौचर र रकम जिम्मा लिने व्यक्तिले गरेको सक्कल भपाई (बैंकिक सुविधा उपलब्ध नभएको ठाउँको हकमा भर्पाई मात्र पनि पेश गर्न सकिने शेयर र प्रवेश शुल्क वापतको रकम संस्थाको आफ्नै खातामा जम्मा नगरिए सम्म प्रयोगमा ल्याउन पाइने छैन

। यसका लागि कार्यालयबाट संस्थाको नाममा रकम नगरेसम्म आवश्यकता अनुसार शर्तनामा गराउने वा बैंक खाता रोक्का समेत गर्न गराउन सकिनेछ ।

८. संकलित शेयर पूँजीको रकम कुल शेयर पुंजीको कम्तिमा तीस प्रतिशत हुनुपर्नेछ । सो सीमा भित्र नरहेमा सहकारी कार्यालयले संकलित शेयर पुँजीको आधारमा कूल शेयर पुँजी कायम गर्न सकिनेछ ।

९. आवेदकहरुले निवेदन साथ प्रस्तावित संस्थाको संभाव्यताको अध्ययन प्रतिवेदन पेश गर्नु पर्नेछ । सम्भाव्यताको अध्ययन प्रतिवेदनमा निम्न कुराहरु समावेश हुनुपर्नेछ :-

(क) प्रस्तावित कार्यक्षेत्रमा त्यस्तो प्रकृतिका संस्थाको आवश्यकताको पहिचान,

(ख) कार्यक्षेत्र भित्र बसोबास गर्ने अनुमानित जनसंख्या,

(ग) संस्था मार्फत पेशा व्यवसाय संचालन गर्नका लागि आवश्यक पुँजीका श्रोतहरु,

(घ) व्यवसायिक सम्भाव्यता ,

(ङ) प्रस्तावित संस्था संचालनका लागि चाहिने जनशक्ति,

(च) सेवा पुऱ्याउन सकिने सदस्यहरुको अधिकतम संख्या,

(छ) उक्त कार्यक्षेत्रमा रहेका समान प्रकृतिका संस्थाहरुको संख्या,

(ज) पहिले स्थापना भइ सकेका समान प्रकृतिका संस्थाहरुमा संलग्न हुन नसकिने कारण र संलग्नताका लागि गरिएको प्रयास,

(झ) बजारको स्वरुप, संस्थाको भावी कार्यक्रम तथा लक्षित समुह, संस्थाको सस्थागत विकासका स्पष्ट आधारहरु ।

१०. तदर्थ संचालक समितिका पदाधिकारीहरुको हालसालै खिचेको फोटो र हस्ताक्षर सहितको तीन पुस्ते विवरण ।

११. आवेदकहरुको निम्न विषयहरु समेटिएको निर्धारित ढाँचामा हस्ताक्षर सहितको स्वघोषणाको पत्र ।

(क) पहिले कुनै अन्य सहकारी संस्थामा संलग्न रहि रकम हिनामिना गरी कारबाहीमा नपरेको,

(ख) बैंक, वित्तीय संस्थाको कारोबारमा कालो सूचीमा नपरेको, बचत तथा ऋण सहकारी संस्था दर्ता गर्न चाहने सदस्यहरुले अन्य बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिई कर्जा चुक्ता नगरेको कारणले कर्जा सुचना केन्द्र लिमिटेडको कालो सूचिमा नपरेको भन्ने सम्बन्धमा उक्त केन्द्रमा कार्यालयले बुझी दर्ताको कारवाही अगाडि वढाउनेछ ।

(ग) प्रस्तावित आवेदकहरु सोही जिल्ला भित्र रहेका समान प्रकृतिको अर्को संस्थामा सदस्य नरहेको,

(घ) प्रस्तावित संस्थाको प्रकृतिको अन्य सहकारी संस्थाको संचालक वा पदाधिकारीको रुपमा आवद्ध नभएको,

(ङ) सहकारीको मुल्य मान्यता, सिन्द्धान्त एंव सहकारी ऐन नियम तथा संस्थाको स्वीकृत विनियम बमोजिम सहकरी संस्था सञ्चालन गर्न मन्जुर भएको ।

१२. कार्यालयले संस्था दर्ता गर्दा अपनाउनु पर्ने कार्यविधिहरु :-

(क) आवश्यक कागजात सहित सबै विवरण स्पष्ट भएको पाईएमा दरखास्त लिई दर्ता प्रक्रिया अघि बढाउने, सबै प्रमाणका प्रतिलिपीहरु हालसालै प्रमाणित गरिएको हुनुपर्नेछ ।

(ख) प्राप्त दरखास्त प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकारीले जाँच गरी सकेपछि मात्र कार्यालयमा दर्ता गरी प्रक्रियामा राखिनेछ ।

(ग) कागजाज नपुग भएमा वा कुनै प्रक्रिया पुरा भएको नपाइएमा सो पूरा गरी पेश गर्न आवेदकहरुलाई जानकारी गराउने ।

(घ) सहकारी संघ संस्था दर्ता गर्न निवेदन साथ पेश गर्नु पर्ने कागजात र दर्ता प्रकृयाको विषय समेत समावेश गरी सहकारी कार्यालयमा सबैले देख्ने गरी नागरिक वडापत्र राख्ने र वडापत्रको प्रकाशन गरी सहकारी कार्यालयले सेवा ग्राहीलाई उपलब्ध गराउनु पर्नेछ ।

घ्याङलेख गाउँपालिका

(ङ) संस्था दर्ताको लागि पेश भएका कागजातहरुको अध्ययन र दर्ता गर्न आउने प्रस्तावित संस्थाका पदाधिकारीहरुसँग जानकारी लिदा पेश भएका विवरण र कागजातको अतिरिक्त दर्ता गर्ने अधिकारीले थप कुरा बुझ्न आवश्यक देखेमा स्थलगत अध्ययन गरी गराई थप जानकारी लिन सक्नेछ ।

(च) नगरपालिका क्षेत्र भित्र दर्ता हुने प्रस्तावित सहकारी संस्थाको तर्फबाट पेश भएको सभांव्यता अध्ययन प्रतिवेदनको आधारमा स्थलगत अध्ययन गरी प्रतिवेदन पेश भएपछि मात्र संस्था दर्ता प्रक्रिया अघि बढाइनेछ । स्थलगत अध्ययनमा खटिने कर्मचारीलाई आवश्यक सुचना तथा विवरण उपलब्ध गराउने जिम्मेवारी प्रस्तावित संस्थाका सबै आवेदकहरुको हुनेछ ।

छ) स्थलथगत अध्ययन प्रक्रियमा सम्बद्ध सरकारी निकाय, स्थानीय निकाय वा आवेदकहरु आबद्ध रहेको वा कार्यरत रहेको निकायसँग आवश्यकता अनुसार सर्म्पक वा पत्रचार गरी पेश गरिएका विवरणको आधिकारिताको जाँच एवं संस्था दर्ताको प्रक्रिया पुरा गर्न आवश्यक राय लिन सकिनेछ ।

ज) सहकारी संस्था दर्ता गर्दा प्रत्यायोजित अधिकार क्षेत्र भित्र रही विगतमा दर्ता भएका, विषयगत क्षेत्र स्पष्ट भएका संस्थाहरु सहकारी कार्यालयले उल्लेखित प्रकृया पुरा भएको पाइएमा सोझै दर्ता गर्नेछ ।

ञ) माथि उल्लेखित प्रकृया नपुगेका आवेदनहरु अस्वीकार गर्न सकिनेछ ।

**१३. कार्यालयबाट गरिने स्थलगत अध्ययन प्रतिवेदनमा समावेश गरिनु पर्ने मुख्य मुख्य विषयहरु :-**

क) संस्थाको उद्देश्य तथा कार्यक्षेत्रका हिसाबले स्थानीय तहमा त्यस प्रकृतिको सहकारी संस्थाको आवश्यकता रहे नरहेको र समुदायमा आधारित भै संचालन हुन सक्ने, नसक्ने पहिचान गर्ने ।

ख) संस्था दर्ता गर्न चाहने समुहमा बिभिन्न जात, जाति, धर्म, वर्ग, महिलाको सहभागिता के कति छ ? के कति सहभागिता हुन सक्छ वा सक्छ वा सक्थ्यो,

बिचार गरी सकभर समावेशी बनाउने र प्रस्तावित संचालक समितिमा महिला तथा पिछडिएको वर्गको प्रतिनिधित्व गराउने प्रयास गरिए नगरिएको ।

ग) प्रस्तावित संस्था स्थापना गर्ने सदस्यहरुको ज्ञान, सिप, र क्षमताले प्रस्तावित सेवा प्रदान गर्न वा वस्तु उत्पादन गर्न सक्ने आधारहरु भए /नभएको ।

घ) प्रस्तावित सहकारी सस्थाबाट वस्तु उत्पादन वा सेवा प्रवाहको लागि सो व्यवसाय संचालन गर्न सोही स्थानमा आवद्ध सदस्यहरुसँग सो प्रकृतिको पेशा व्यवसाय, उद्योग, कलकारखाना सञ्चालन गर्ने व्यवसायी, पेशाकर्मी, पर्याप्त भए नभएको ।

ङ) स्थापना गर्न लागेको सहकारी संस्थाको उद्देश्य र कार्यसँग संचालक एवं आवद्ध अन्य सदस्यहरुको पेशा व्यवसाय मिल्छ वा मिल्दैन यकिन गर्ने । साथै संस्थामा आवद्ध कति सदस्यसगं सो पेशा वा व्यवसाय गर्न सक्ने पेशाकर्मी, ब्यवसायी, ब्यक्ति समावेश छन् ? सो हेरेर संस्था स्थापनाको सम्भाब्यता यकिन गर्ने । उदाहरण : सञ्चार सहकारी संस्था प्रस्तावित भै आएमा सञ्चार क्षेत्रका पेशाकर्मीहरुको संलग्नता छ छैन ? स्वास्थ्य सहकारी संस्था खोल्न प्रस्ताव भै आएमा स्वास्थ्यकर्मीको संलग्नता छ छैन ? कृषि सहकारी संस्था खोल्ने प्रस्ताव आएमा कृषकहरु नै आवेदक सदस्य छन छैनन् प्रतिवेदनमा खुलाउने ।

च) संस्था दर्ताको लागि आवेदन गर्ने व्यक्तिहरु प्रस्तावित संस्थाको लागि माग गरेको कार्यक्षेत्र भित्रकै आवेदकहरु हुन होइनन् खुलाउने ।

छ) सरकारी मार्फत सदस्यहरुको व्यवसायिक क्षमता अभिवृद्धि गरी व्यवसाय प्रवर्द्धन गर्न एकल विषयका प्रारम्भिक सहकारी संस्थाको स्थापना गर्न प्रोत्साहन गर्ने ।

## अनुसुचि-४

## लेखा परीक्षकले लेखा परीक्षण गर्दा तयार पार्नु पर्ने लङफर्म प्रतिवेदन

१ संस्थाको नाम ठेगाना :

२ कार्यक्षेत्र :

३ कुल सदस्य सख्या

३.१. महिलाको संख्या :

३.२.परुषको सख्या :

४ कर्मचारीको सख्या :

५ कुल चक्ता शेयर पुँजी रु.

६ कुल वचत संकलन रु.

गत आ.व. को वाँकी

यस आ.व.मा संकलन रु.

यस आ.व. मा फिर्ता :

फिर्ता गर्न बाँकी :

७ कुल ऋण लगानी रु.

गत आ.व.मा लगानीमा रहेको रकम :

चाल आ.व. मा लगानी :

चालु आ.व. को असुली :

यस आ.व. लगानीमा रहेको रकम

८ ऋण लगानीका प्रमुख ४ क्षेत्रहरु र रकम :

| लगानीका क्षेत्र | रकम | व्याज दर |
|---|---|---|
| .......................................... | रु...................... | |
| .......................................... | रु...................... | |
| .......................................... | रु...................... | |

घ्याङलेख गाउँपालिका

९ लिने दिने व्याज दर वीचको औसत फरक (५) :

१० वचत तथा ऋण नीति वा निर्देशिका भएको नभएको :

११ लेखा समिति प्रभावकारी भए नभएको :

१२ प्रभावकारी भए मापदण्ड बमोजिम काम गरको छ वा छैन :

१३ संचालक, लेखा समिति र प्रमुख व्यवस्थापकहरुमा नाता गोता भित्रका व्यक्तिहरु भए नभएको :

१४ ऋण लगानीमा कुनै सेवा शूल्क लिने गरेको/नगरेको : लिएको भए दर उल्लेख गर्ने :

१५ संचालक, लेखा समिति र प्रमुख व्यवस्थापकले लिएको पारिश्रामिक, भत्ता र अन्य सुविधाहरु खुलाउने :

१६ कार्यक्षेत्र वाहिरका व्यक्ति तथा निकायहरु सँग वचत तथा ऋणको कारोवार गरे नगरेको :

गरेको भए कार्यक्षेत्र वाहिरका व्यक्तिहरुको संख्या :

निकायहरुको संख्याः

वचत रकम :

लगानी रकम :

१७ नियमानुसार शेयर पूँजीको १५ प्रतिशत भन्दा बढी हुने गरी अन्य कुनै शिर्षकवाट शेयरधनिहरु लाई रकम वाँडेको/नवाँडेको : वाँडेको भए कुन शिर्षकमा कति खर्च गरियो ?

.....................................................................................................

१८ प्राकृतिक व्यक्ति वाहेक अन्य निकायहरुमा ऋण वा शेयर लगानी गरेको भए देहाय वमोजिमको विवरण खुलाउने :

| **निकायको नाम, ठेगाना** | **उद्देश्य** | **रकम** | **मिति** |
|---|---|---|---|
| | | | |
| | | | |

१९ ऋण वा शेयर वापत लगानी गरिएको निकायमा संचालकहरुको संलग्नताको अवस्था :

..........................................................................................

२० अन्य कारोवारहरु :

(१) ....................

(२)......................

२१ संचालकहरु अन्य वित्तिय वा व्यवसायिक निकायको संचालक पदमा रहेका भए उक्त निकायको

नाम र पद :

२२ संचालक, लेखा समिति सदस्य र उपसमिति सदस्यहरु अन्य समान प्रकृति र तहको समान कार्य गर्ने संस्थामा पदाधिकारी वा कर्मचारी रहे नरहेको :

(क) संचालक रहेको..................

(ख) लेखा समितिमा रहेको.....................

(ग) उप-समितिमा रहेको................

२३ संचालकहरु वित्तिय निकाय वा सहकारी निकाय वा अन्य निकायको कर्मचारी रहे नरहेको र विभागीय स्वीकृति लिए नलिएको :

रहेको संस्थाको नाम :

नरहेको :

स्वीकृति लिएको .................... नलिएको...................

२४ ढुकुटी रहेको मासिक औसत नगद रकम :

| साउन | भदौ | असोज | कार्तिक | मङसिर | पुस | माघ | फागुन | चैत | वैशाख | जेठ | असार |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |

२५ विमाको रकम रु ..........................म्याद अवधि........................



घ्याङलेख गाउँपालिका

२६ समग्रमा यस संस्थाले जारी गरेको ..................................मापदण्ड, २०७४ वमोजिम त्रुटिहरु गरेको / नगरेको यति गरेको भए वुँदागत रुपमा उल्लेख गर्ने :

(१).............................................

(२)............................................

(३)............................................

२७ लेखा व्यवसायी फर्म र त्यसको साझेदारहरुले आफु स्वतन्त्र रहेको साथै लेखापपरीक्षणको सिलसिलामा अवनाउने मानहरु, लेखापरीक्षण टोली, लेखापरीक्षण प्रकृया र तरीकाको बारेमा छोटकरीमा उल्लेख ,नमुना छनौट प्रकृया तथा नमुना आकार आदीको बारेमा उल्लेख गर्नुहोस :

२८ लेखापरीक्षकले ऋणको Credit Appraisal तथा ऋण अनुगमन तथा ऋण असुली प्रणाली सम्बन्धी आफनो राय :

२९ लेखा परीक्षकले आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारीताका सम्बन्धमा ऋण व्यवस्थापन, खर्च तथा स्थिर सम्पत्ति उपर नियन्त्रणको पर्याप्तता आदि का सम्बन्धमा आफनो राय :

१

२

३

घ्याङलेख गाउँपालिका

# अनुसुची -५

## (दफा ४६ (६) सँग सम्बन्धीत)

## लेखापरीक्षण स्वीकृति माग गर्दा बुझाउनु पर्ने वार्षिक विवरण

१) सहकारी संस्थाको नाम र ठेगाना :-

२) मुख्य उद्देश्य/कारोवार :

३) संस्थाको कार्यक्षेत्र :

४) शेयर सदस्य संख्या :

४.१ जम्मा :

४.२ पुरुष :

४.३ महिला :

५. संस्था आवद्ध रहेको संघ :

६. स्थायी लेखा नं. :

७. कारोवारको विवरण :

७.१ चुक्ता शेयर पूँजि रु :

७.२ आ.व.को अन्त्यमा रहेको बचत निक्षेप रकम रु :

७.३ आ.व.को अन्त्यमा शेयर सदस्यहरुलाई गरिएको ऋण लगानी रु :

७.४ आ.व.को अन्त्यसम्म अन्य संस्थामा शेयर लगानी गरिएको रकमको विवरण

| क.स. | संस्थाको नाम ठेगाना | शेयर संख्या | शेयर रकम | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

७.५ उत्पादन :

७.६ बिक्रि :

७.७ नाफा नोक्सान :

७.८ हालसम्मको जगेडा कोष रु :

घ्याङलेख गाउँपालिका

७.९ अन्य संघ संस्था फर्ममा रहेको लगानि रु :

७.१० बुझाउनु पर्ने वा बुझाएको आयकर :

७.११ बुझाएको अन्य कर, दण्ड जरिवाना, शुल्क आदि :

८. कर्मचारी संख्या :

९. लेखापरिक्षण भएको पछिल्लो आर्थिक बर्ष र लेखा परिक्षण गर्ने संस्था र व्यक्तिको नाम ठेगाना :

१०. साधारण सभा सम्पन्न भएको मिति :

११. संचालक समितिको निर्वाचन भएको मिति :

१२. संचालक समितिको पदावधि सकिने मिति :

१३. प्रमुख ब्यवस्थापकको नाम ठेगाना र सम्पर्क फोन :

१४. स्थिर सम्पत्तिको विवरण र प्रचलित मूल्य :

१५. संचालक समितिको पदाधिकारीको विवरण :

| क्र.स. | नाम | पद | ठेगाना | सम्पर्क फोन |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

प्रमुख ब्यवस्थापकको हस्ताक्षर : अध्यक्षको हस्ताक्षर :

मिति : मिति :

घ्याङलेख गाउँपालिका

## अनुसूचि - ६
### (दफा ४८ (१) सँग सम्बन्धित)
### अनुगमन फारम

१) सहकारी संस्थाको नाम :-

२) दर्ता नं :- मिति :- दर्ता भएको कार्यालय :-

३) ठेगाना :-

४) शेयर पूँजी :- (प्रति शेयर रु :- )

५) कार्यक्षेत्र :-

६) संचालक समितिको सदस्य संख्या :- (कार्यकाल :- वर्ष) (बैठक भत्ता :-रु )

७) कर्मचारी संख्या :- (बजार प्रतिनिधि :- ) नियुक्ति दिए/नदिएको :-

८) सफ्टवेयर :-

९) शेयर सदस्य संख्या :-

१०) निक्षेपकर्ताको संख्या :-

११) ऋणीहरुको संख्या :-

१२) संस्थाको प्रारम्भिक साधारण सभा भएको मिति :-

कुल सदस्य संख्या :-

उपस्थित सदस्य संख्या :-

पछिल्लो साधारण सभा भएको मिति :–

कुल सदस्य संख्या :...................

उपस्थित सदस्य सख्या :................

पछिल्लो संचालक समिति निर्वाचन मिति :-

कुल सदस्य संख्या :-

उपस्थित सदस्य संख्या :-

निर्वाचन समितिको चयन :-

साधारण सदस्यहरुलाई सभाको सुचना दिने माध्यम र प्रकृया :-

घ्याङलेख गाउँपालिका

१३) संस्थाले तयार पारेको कार्य संचालन नियमावलीहरु, नीतिहरु, कार्यविधिहरु :-

१४) संस्थाले गठन गरेको उप समितिहरु :-

१५) पछिल्लो साधारण सभाबाट पारित भएका विषयहरु :-

१६) संस्थाको वर्तमान कर्जा प्रकृति वा किसिमहरु (ब्याजदर सहित)

| **शीर्षक** | **दर** | **शीर्षक** | **दर** |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

१७) संस्थाको बर्तमान निक्षेपका प्रकारहरु (ब्याजदर सहित)

| **शीर्षक** | **दर** | **शीर्षक** | **दर** |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

१८) निम्न कारोवारहरु गरे नगरेको :- सुनचाँदी कर्जा, गल्ला कर्जा, चल्ती खाता, ओ.डी कर्जा, आफनै शेयर को सुरक्षणमा ऋण लगानी, घर जग्गा किनवेच

१९) ऐन नियममा तोकिए बमोजिमका सम्बन्धित कार्यालयमा पठाउने गरेको विवरणहरु

२०) खुद बचत/नाफाको कम्तिमा पच्चीस प्रतिशत जगेडा कोषमा जम्मा गरे नगरेको

२१) शेयर पुँजीको बढीमा अठार प्रतिशत लाभाँस वितरण गरे नगरेको

२२) संस्थाले कुनै प्रकारको चन्दा , आर्थिक सहयोग प्रदान गरे नगरेको ☐

२३) एउटै लेखापरीक्षक लगातार तीन पटक भन्दा बढी नियुक्ति भएको छ ☐ छैन ☐

२४) संस्थाको कुल चुक्ता शेयर पूँजीको बीस प्रतिशत भन्दा बढी एउटै ब्यक्ति वा निकाय विशेष (सरकारी समेत) लाई शेयर बिक्रि भएको छ ☐ छैन ☐

२५) संस्थाले कर्जामा लिने सेवाशुल्क लगायतका अन्य अतिरिक्त रकमहरु :–

२६) संस्थाको निक्षेप र कर्जा बीचको ब्याजदर अन्तर :-

२७) कर्जा तथा सापटमा पाकेको व्याज नगद प्राप्ति cash basis को आधारमा आम्दानी जनाएको र निक्षेपमा प्रदान गर्ने व्याज accrual basis मा लेखांकन गरेको छ ☐ छैन ☐

२८) संस्थाको कुल पुँजी कोषको दश प्रतिशत भन्दा बढी एक व्यक्तिलाई ऋण लगानी भएको छ ☐ छैन ☐

२९) वचत तथा ऋण नीति तयार गरे ☐ नगरेको ☐

३०) संचालक लेखा समिति सदस्यका उम्मेदवारहरुले मनोनयनका साथमा शेयर प्रमाणपत्रको प्रतिलिपि, कार्यक्षेत्रभित्र स्थायी बसोवास गरेको प्रमाण, संस्थासंग कुनै बक्यौता नरहेको प्रमाण, कर्जा कालो सुचिमा नपरेको स्वघोषणा आदि कागजात पेश गरे ☐ नगरेको ☐

३१) संचालक समिति निर्वाचित भएको मितिले पन्ध्र दिनभित्र संचालकहरुको फोटो र तीन पुस्ते सहितको दुई प्रति विवरण पेश गरे ☐ नगरेको ☐

३२) संस्थाले ऋण उपसमितिको सिफारीसमा ऋण लगानी गरे ☐ नगरेको ☐

३३) सदस्यहरुलाई कारोवारी, साधारण र संस्थापक भनी विभेद गरे ☐ नगरेको ☐

३४) साधरण सभा सम्पन्न भएको पन्ध्र दिनभित्र लेखापरीक्षण प्रतिवेदन, अध्यक्षले प्रमाणित गरेको सभाको निर्णयको प्रतिलिपि, सदस्यहरुको उपस्थिति विवरण कार्यालयमा पेश गरे ☐ नगरेको ☐

३५) तोकिए बमोजिम कर्जा नोक्सानी व्यवस्था गरे ☐ नगरेको ☐

३६) संचालक समिति, लेखा समिति, ऋण उपसमिति सदस्यहरुले संस्थाबाट लिएको कर्जाको विबरण चौमासिक रुपमा कार्यालयमा पेश गरे ☐ नगरेको ☐

३७) संस्था दर्ता हुँदाका बखतका बाहेक अन्य सदस्यहरुका हकमा सदस्य बनेको तीनमहिना नियमित बचत गरेपछि मात्र ऋण लगानी गर्नुपर्ने पालना भए ☐ नभएको ☐

३८) विनियमको परिधिभित्र रही विभिन्न कोषहरुमा रकम बाँडफाडँ गरेको छ ☐ छैन ☐

३९) संचालकहरुले संस्थाबाट उपभोग गरिरहेको बित्तिय तथा अन्य सुबिधाहरु :-

४०) संस्थाबाट कर्जा प्रवाह गर्दा माग गरिने कागजातहरु, धितो मुल्यांकन लगायत अन्य प्रकृयाहरुः-

४१) पछिल्लो आन्तरिक र बाह्य लेखा परीक्षकहरुका मूल कैफियतहरु :-

४२) ऋण स्वीकृत गर्ने अख्तियारी कसलाई दिइएको छ ? र कसरी दिइएको छ ?

४३) कर्जा तथा निक्षेपको ब्याजदर परीबर्तन भएको सुचना सदस्यहरुलाई कसरी दिईन्छ ?

४४) ंस्थाको प्रतलित बिनियम बमोजिम संचालक समितिको बैठक बस्ने गरे ☐ नगरेको ☐

४५) संस्थाले साधारण जगेडा कोष बाहेकका कोषहरु तिनको उद्देश्य अनुसार उपयोग गर्ने गरे ☐ नगरेको ☐

४६) संस्थाले कर्जा प्रवाह, निक्षेप संकलन र शेयर बिक्रिका लागि बिज्ञापन गर्ने गरे, ☐ नगरेको ☐

४७) नगद रकमको ढुकुटी, काउन्टर तथा मार्गस्थ बीमा गरे/नगरेको (गरेको भए, बीमा रकम र म्याद ) :-

४८) नगदको बिवरण खुल्ने Cash Book, Day Book राख्ने गरे नगरेको, नगदको जिम्मेवारी बाँडफाँड गरे नगरेको, ढुकुटीबाट कारोवारका लागि नगद झिक्दा/राख्दा सो को विवरण राख्ने गरे ☐ नगरेको ☐, ढुकुटीको साँचोको जिम्मेवारी क्यासियर र ब्यवस्थापकले लिने गरे ☐ नगरेको ☐

४९) संस्थाले समानान्तर सहकारी संस्थाहरुसंग शेयर, निक्षेप र कर्जा/सापटी करोबार गरेको भए त्यसको

**विवरण :-**

५०) संस्थाका बर्तमान संचालकहरु समानान्तर सहकारी संस्थाको संचालक पदमा समेत बहाल भएको भए त्यसको विबरण :-

उल्लेखित विषयहरु तथा जानकारी यस संस्थाको आधिकारिक व्यक्तिहरुसंग सक्कल नभएको हो भनी सहि गर्ने

**आधिकारिक व्यक्तिको नाम :**

हस्ताक्षर :

मिति :

घ्याङलेख गाउँपालिका

## अनुसचि -७

## (बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाहरुले महिना भुक्तान भएको ७ ( सात) दिनभित्र अनिवार्य रुपमा भरी सम्बन्धित कार्यालयमा पेश गर्नुपर्ने मासिक विवरण

श्री..................................कार्यालय

.......................................................।

२०७..........साल..................महिनाको कारोवारको विवण देहाय बमोजिम भएको व्यहोरा पेश गरेको छु ।

..................

प्रमुख

व्यवस्थापक/अध्यक्षको नाम र हस्ताक्षर

सहकारी संस्थाको नाम :

ठेगाना :

सर्म्पक नं. :

| विवरण | संख्या | गते महिना सम्म | यस महिना सम्म | जम्मा |
|---|---|---|---|---|
| १ शेयर पुँजी | | | | |
| २ जगेडा कोष | | | | |
| ३ अन्य कोषहरु<br>४ कुल बचत रकम | | | | |
| ४.१ गत आर्थिक वर्षको बचत बाँकि | | | | |
| ४.२ बचत संकलन | | | | |
| ४.३ बचत फिर्ता | | | | |
| ४.४ फिर्ता गर्न बाँकि बचत | | | | |
| ५ लिएको ऋण | | | | |
| ५.१ लिएको ऋण | | | | |

घ्याङलेख गाउँपालिका

| | | | | |
|---|---|---|---|---|
| ५.२ तिरेको ऋण | | | | |
| ५.३ तिर्न बाँकि ऋण | | | | |
| ६ दायित्व हिसाव | | | | |
| ७ अन्य दायित्व | | | | |
| **जम्मा दायित्व** | | | | |
| १ नगद मौज्दात | | | | |
| २ बैंक मौज्दात (मुद्दती र आवधिक निक्षेप समेत) | | | | |
| १.१ "क" वर्गको बैंक तथा वित्तिय | | | | |
| १.२ "ख" वर्गको बैंक तथा वित्तिय संस्थामा | | | | |
| १.३ "ग" वर्गको बैंक तथा वित्तिय संस्थामा | | | | |
| १.४ "घ" वर्गको बैंक तथा वित्तिय संस्थामा | | | | |
| १.५ "ङ" सहकारी बैंक | | | | |
| १.६ बचत तथा ऋण केन्द्रीय सहकारी सघं | | | | |
| ३ लगानी | | | | |
| ३.१ मुद्दती हिसाव | | | | |
| ३.२ शेयर लगानी | | | | |
| ३.३ व्यपारिक लगानी | | | | |
| ४ सदस्यहरुलाई गएको कर्जा / ऋण | | | | |
| ४.१ गत आ.व.को लगानीमा रहि रहेको | | | | |
| ४.१.१ भाखा ननाघेको | | | | |

| | | | | |
|---|---|---|---|---|
| ४.१.२ एक वर्ष सम्म भाखा नाघेको | | | | |
| ४.१.३ एक वर्ष भन्दा बढी भाखा नाघेको | | | | |
| ४.२ यस वर्ष ऋण लगानी | | | | |
| ४.३ ऋण असुली | | | | |
| ४.४ असुल गर्न बाकि ऋण | | | | |
| ४.४.१ भाखा ननाघेको | | | | |
| घर जग्गा खरिद | | | | |
| ब्यापार/व्यावसाय | | | | |
| हायरपर्चेज | | | | |
| कृषि /उद्योग | | | | |
| ४.४.२ एक वर्षसम्म भाखा नाघेको | | | | |
| घर जग्गा खरिद | | | | |
| व्यवसाय | | | | |
| हायरपर्चेज | | | | |
| कृषि/उद्योग | | | | |
| ४.४.३ एक वर्ष भन्दा बढी भाखा नाघेको | | | | |
| घर जग्गा खरिद | | | | |
| व्यवसाय | | | | |
| हायरपर्चेज | | | | |
| कृषि/उद्योग | | | | |
| ५ असुल गर्न बाकि व्याज | | | | |
| ६ स्थिर सम्पत्ति | | | | |

घ्याङलेख गाउँपालिका

| | | | | |
|---|---|---|---|---|
| ६.१ घर जग्गा | | | | |
| ६.२ फर्निचर | | | | |
| ६.३ सवारी | | | | |
| ६.४ अन्य | | | | |
| ७ अन्य सम्पत्ति | | | | |
| कुल सम्पति | | | | |
| १ आम्दानी | | | | |
| १.१ कर्जाबाट व्याज /आम्दानी | | | | |
| १.२ अन्य आम्दानी | | | | |
| २ खर्च | | | | |
| २.१ बचतमा व्याज खर्च | | | | |
| २.२ कर्जाको लागि जोखिम व्यवस्था | | | | |
| २.२.१ भाखा ननाघेको | | | | |
| २.२.२ एकवर्ष सम्म भाखा नाघेको | | | | |
| २.२.३ एक वर्ष भन्दा बढी भाखा नाघेको | | | | |
| २.३ अन्य संचालन खर्च | | | | |
| २.४ खराब ऋण अपलेखन | | | | |
| २.५ कर्मचारी खर्च | | | | |
| ३ खुद नाफा /नोक्सान | | | | |
| १ बचत गर्ने सदस्य संख्या : | | | | |
| १.१ व्यक्तिगत सदस्य | | | | |

घ्याङलेख गाउँपालिका

| | | | | |
|---|---|---|---|---|
| १.२ संस्थागत सदस्य | | | | |
| २ बचत ब्याज दर : | | | | |
| २.१ न्युनतम | | | | |
| २.२ अधिकतम | | | | |
| ३ सदस्य संख्या | | | | |
| ३.१ पुरुष : | | | | |
| ३.२ महिला : | | | | |
| ३.३ जम्मा : | | | | |
| ४ ऋण असुली | | | | |
| ४.१ भाखा ननाघेको | | | | |
| ४.२ भाखा नाघेको | | | | |
| ५ लगानीमा रहिरहेको | | | | |
| ५.१ घर जग्गा | | | | |
| ५.२ ब्यापार/ब्यावसाय | | | | |
| ५.३ हायरपर्चेज | | | | |
| ५.४ कृषि उद्योग | | | | |
| ५.५ अन्य | | | | |
| ६ कर्मचारी संख्या | | | | |
| ६.१ पुरुष : | | | | |
| ६.२ महिला : | | | | |
| ६.३ कार्यालय : | | | | |
| ६.४ जम्मा : | | | | |

घ्याङलेख गाउँपालिका

## अनुसूचि-८

### (दफा ६८ सँग सम्बन्धित)

देहायका विषयमा देहायका शर्तहरुको पालना गर्ने गरी प्रारम्भिक सहकारी संस्थाहरु दर्ता गर्न सकिनेछ

१. बचत तथा ऋण सहकारी : बचत तथा ऋणको कारोबार, सामाजिक कार्यहरु र वातावरण सुधारका कार्यहरु गर्ने ।

२. स्वास्थ्य सहकारी : सम्बन्धित निकायको इजाजत लिने गरी स्वास्थ्य सेवा संचालन गर्ने ।

३. उपभोक्ता सहकारी : समुदाय र सदस्यहरुलाई सुपथ मूल्यमा गुणस्तरीय उपभोग्य सामानहरु बिक्री गर्ने ।

४. तरकारी तथा फलफुल सहकारी : तरकारी तथा फलफुल उत्पादन, तरकारी तथा फलफुल उत्पादन प्रशोधन उद्योग ब्यवसाय र बजारीकरण सम्बन्धि कार्य गर्ने ।

५. मौरीपालन : मौरीपालन, मह भण्डारण र प्रशोधन सम्बन्धि उद्योग ब्यवसाय र बजारीकरण, सम्बन्धि कार्य गर्ने ।

६. दूग्ध सहकारी : पशुपालन, दूग्ध उत्पादन, प्रशोधन उद्योग ब्यवसाय र बजारीकरण, पशु विमा ।

७. बिउँ विजन सहकारी : कृषि विउँ विजन उत्पादन र विक्रि वितरण ।

८. साना किसान सहकारी/कृषि : कृषि उत्पादन, पशुपालन, तरकारी तथा फलफूल उत्पादन, माछा पालन, पंछि पालन, मौरी पालन, कृषि सामाग्री तथा उपभोग्य सामाग्री बिक्रि वितरण, कृषि उपज प्रशोधन तथा भण्डारण र बचत तथा ऋण परिचालन ।

९. अदुवा सहकारी : अदुवा उत्पादन, प्रशोधन र बिक्रि वितरण ।

१०. उखु सहकारी : उखु उत्पादन र प्रशोधन ।

११. पर्यटन सहकारी : सम्बन्धित निकायबाट इजाजत लिने गरी होटल, लज र रिसोर्ट संचालन वा अन्य पर्यटन ब्यवसाय संचालन ।

१२. बिद्युत सहकारी : बिद्युत उत्पादन र बिक्रि वितरण ।

१३. संचार सहकारी : संचार सम्बन्धि कार्य, एफ एम संचालन ।

घ्याङलेख गाउँपालिका

## अनुसूचि-९

### (दफा ७२ सँग सम्बन्धित)

**अन्तर्राष्ट्रिय सहकारी महासंघद्धारा प्रतिपादित सिद्धान्तहरु**

१. पहिलो सिद्धान्त : स्वेच्छिक तथा खुला सदस्यता :- सहकारीहरु लैंगिक, सामाजिक, जातिय, राजनैतिक र धार्मिक भेदभाव रहित, सदस्यको जिम्मेवारी स्वीकार गर्ने तथा सेवा उपयोग गर्न सक्षम सबै ब्यक्तिहरुका लागि खुला पहुँच भएका स्वेच्छिक संगठनहरु हुन् ।

२. दोश्रो सिद्धान्त : सदस्हरुद्धारा प्रजातान्त्रिक नियन्त्रण :- सहकारीहरु तिनका सदस्यहरुद्धारा प्रजातान्त्रिक बिधिबाट नियन्त्रित संगठनहरु हुन् । सदस्यहरु सहकारीको नीति तर्जूमा एवं निर्णय निर्माणमा सक्रियता पूर्वक भाग लिन्छन् । संस्थाको कार्य संचालनका लागि निर्वाचित पुरुष तथा महिला प्रतिनिधिहरु शेयर सदस्यहरु प्रति जवाफदेही हुन्छन् । प्रारम्भिक सहकारीहरुमा सदस्यहरुको समान मताधिकार (एक सदस्य, एक मत) रहन्छ । अरु तहका सहकारीहरु पनि प्रजातान्त्रिक तवरले संगठित हुन्छन् ।

३. तेश्रो सिद्धान्त : सदस्यको आर्थिक सहभागिता :- सदस्यहरुले आफ्नो संस्थाको पूँजीमा समतामुलक सहभागिता र क्रियाकलापमा प्रजातान्त्रिक विधिले नियन्त्रण गर्दछन् । सदस्यहरुले पूँजीमा गरेको योगदान वापत लाभांश भएमा सामान्यत : सीमीत लाभ प्राप्त गर्दछन् । साधारण सभाको माध्यमद्धारा सदस्यहरुले देहाएका वा कुनै वा सबै उद्देश्यहरुमा लाभांशको निश्चित अंश छुट्याउने छन : जस्तै सहकारी विकास, सदस्यहरुको सहकारीमा हुने कारोवारको अनुपातमा फाइदा लिन पाउने ब्यवस्था, तथा सदस्यहरुद्धारा स्वीकृत अरु क्रियाकलापलाई टेवा दिने ।

४. चौथो सिद्धान्त : स्वायत्तता तथा स्वतन्त्रता :- सहकारीहरु यसका सदस्यहरुद्धारा नियन्त्रित स्वायत्त र स्वावलम्वी संगठनहरु हुन् । सहकारीले सरकार वा अन्य निकायहरुबाट बाह्य श्रोतको रुपमा पूँजी जुटाउने सम्झौता गर्छ भने

सदस्यहरुद्धारा गरिने प्रजातान्त्रिक नियन्त्रणको पद्धति र आफ्नो सहकारीको स्वायत्तता सुनिश्चित हुने ब्यवस्था मिलाउने छन् ।

५. पाँचौ सिद्धान्त : शिक्षा, तालिम र सूचना :- सहकारीहरुले आफ्ना सदस्यहरु ,

निर्वाचित प्रतिनिधिहरु एवं प्रबन्धक तथा कर्मचारीहरुलाई आफ्नो संस्थामा प्रबन्धक तथा कर्मचारीहरुलाई आफ्नो संस्थामा प्रभावकारी रुपले योगदान दिनसक्ने तुल्याउन शिक्षा र तालिम प्रदान गर्नेछन् । सहकारीहरुले सर्वसाधारण खास गरी युवाहरु र बौद्धिक ब्यक्तित्वहरुलाई सहकारीको बिषयमा र सहकारीताको फाइदाका बारेमा जानकारी गराउने छन् ।

६. छैठौं सिद्धान्त : सहकारीहरुबीच सहयोग :- सहकारीहरुले आफ्ना सदस्यहरुलाई अत्यन्त प्रभावकारी रुपमा सेवा पुऱ्याउनेछन् र सहकारी अभियानलाई स्थानिय, राष्ट्रिय, क्षेत्रिय र अन्तर्राष्ट्रिय संगठनहरुसँग आवद्ध गरी सहकारी अभियानलाई सुदृढ बनाउने छन् ।

७. सातौ सिद्धान्त : समुदायप्रति चासो :- सहकारीहरुले सदस्यहरुको आवश्यकताहरु र आकांक्षाहरु प्रति केन्द्रित हुदै सदस्यहरुको समुदायको दीगो विकाशका लागि कार्य गर्दछन् ।

## सहकारीका मूल्य

### आधार मूल्यहरु

१. आत्मसहयोग/स्वावलम्वन : प्रत्येक सहकारी संस्थाहरु आफ्नो काम आफैले गर्नु पर्दछ, अरु माथि भर परेर आफ्नो उन्नति हुदैन । परमुखि सोचमा संस्था स्थापना गर्नुहुदैन भन्ने विश्वास गर्दछन् ।

२. स्व-उत्तरदायित्व : आफ्नो उन्नतीको जिम्मेवारी बहन आफैले गर्नु पर्दछ । सहकारी संस्थाहरुको गठन र नियन्त्रण सदस्यहरुद्धारा हुने र सम्पूर्ण क्रियाकलापहरुको जिम्मा पनि सदस्यहरुद्धारा नै लिईने हुँदा यसमा स्व-उत्तरदायित्वको भावना हुन्छ ।

३. प्रजातन्त्र : सदस्यहरुको सहभागितात्मक प्रजातान्त्रिक विधिद्धारा संगठनको क्रियाकलापहरु सुब्यवस्थित गर्ने उत्तम तरिका हो । सहकारी संस्था स्वयंका लागि सदस्यहरुद्धारा नै स्थापना गरिने भएकाले संस्थामा सदस्यहरुको सक्रिय सहभागिता, समान हक र समान दायित्व हुन्छ । एक ब्यक्ति एक मतको सिद्धान्तमा आधारित रहेर निर्वाचन गरिन्छ ।

४. समानता : सदस्यहरु बीच भेदभाव रहित ब्यवहार हुनुपर्दछ । राजनितिक, धार्मिक, वर्ण, जाति, रगं, आदिका आधारमा कसैलाई पनि भेदभाव गर्नु हुदैन ।

५. समन्वय : आर्थिक प्रतिफलको न्यायोचित वितरण, एउटा सदस्यलाई मर्का पारेर अर्को सदस्यले फाईदा नलिनु, शोषण विहिन आर्थिक सम्बन्ध कायम हुनु पर्दछ ।

६. ऐक्यवद्धता : एकतामा विश्वास गर्ने निश्चित उद्देश्य प्राप्तिका लागि आपसमा मिलिजुलि काम गर्नु पर्दछ । समान आकांक्षा राख्नेहरुको एकिकृत प्रयासबाट नै आकांक्षा साकार हुन्छ ।

## नैतिक मुल्यहरु

७. इमान्दारिता : सहकारीको सवै भन्दा महत्वपूर्ण नैतिक मूल्य ईमान्दारीता हो । यसमा भए गरेका क्रियाकलापहरु पारदर्शि राख्ने, छलकपट नगर्ने नीति, नियम कानून सिद्धान्त आदिको अनिवार्य पालना गरिएको हुनु पर्दछ ।

८. खुलापन : सहकारीको सदस्यता नीति नियमको परिधिभित्र रहेर मात्र खुला रहन्छ र सदस्यता त्याग गर्ने स्वतन्त्रता रहेको हुन्छ । खुलापनको मूल्य वस्तु स्वतन्त्रताको मुल्य हो ।

९. सामाजिक उत्तरदायित्व : सहकारी संस्था समाजका सदस्यहरुबाट समाजमा नै स्थापना गरिने हुँदा यो समाजको अभिन्न अंगको रुपमा रहेका हुन्छन् तसर्थ यिनिहरुले सामाजिक उत्तरदायित्व वहन गर्नु पर्दछ, जिम्मेवारीको पूर्ण पालना गर्नु पर्दछ अन्यथा संस्था समाजमा ग्राह्य हुन सक्दैन ।

१०. अरुको हेरचाह : संस्थाले आफ्नो सदस्यहरुको अतिरिक्त अन्य सदस्य तथा समुदायको पनि विचार गरि संम्भाब्य उपायद्धारा हीत प्रवर्द्धन गर्नु पर्दछ ।

**प्रमाणीकरण मिति २०७६।०५।०८**

**आज्ञाले,**

**सन्तोष नेपाली**

**प्रमुख प्रशासकीय अधिकृत**

घ्याङलेख गाउँपालिका